मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २०२ ● २०८० साल जेठ २० गते शनिबार ● Saturday 03, June 2023 ● सूर्योदयः बिहान ५:११ बजे ● सूर्यास्तः साँझ ६:५६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# राजनीति, शक्ति र पैसाका अगाडि निरीह एउटी आमाको बिलौना

*"४५ दिनको बिदापश्चात सुनिल मण्डल मलेसिया फर्कने समय आयो। जेठ ८ गते विदेश जान घरबाट निस्के। जेठ ९ गते काठमाडौँबाट मलेसिया उडे। उनी मलेसिया नपुग्दै जेठ १० गते उनको घरमा कहालीलाग्दो घटना भयो। २० वर्षकै कलिलो उमेरमा अकालमै काजलको मृत्यु भयो। जेठ १० गते साँझ ५ बजे काजल ससुरालीमै झुण्डिएको अवस्थामा मृत भेटिइन्। उनी गर्भवती थिइन्।"*

*हिन्दू धर्ममा विवाह संस्कार हो। धर्मका सोह्र संस्कारमा विवाह पनि पर्छ। हिन्दू धर्मका अनुसार, विवाह सृष्टिक्रम अघि बढाउन स्त्री र पुरुषबीचमा हुने आत्मनियन्त्रित र मर्यादित सम्झौता हो। दुई व्यक्तिको अर्थात पुरुष र महिलाको सामाजिक, पारिवारिक र धार्मिकरूपबाट एकअर्कासँगै जीवन व्यतीत गर्ने सम्बन्ध हो विवाह। विवाहले स्त्री र पुरुष अर्थात् पतिपत्नीको मात्र नभइ दुई परिवारबीच नयाँ नाता सम्बन्ध जोड्ने काम गर्छ। विवाहको प्रचलन कहिलेदेखि सुरू भयो त्यो त भन्न सकिँदैन। तर, हाम्रा पुराणमा गरिएको वर्णनअनुसार सृष्टिको प्रारम्भ दक्ष प्रजापतिको पालादेखि नै यसको सुरुवात भयो भनेर लेखिएको छ।*
*हरेक नाता आफ्नो ठाउँमा छ। तर, पति पत्नीको सम्बन्ध यो जुनीका लागि मात्र नभइ सात जुनीका लागि हुन्छ अरे! त्यही भएर रगतको नाताभन्दा पनि पतिपत्नीको नाता भारी पर्छ।*
*मिथिला समाजमा छोरीको जन्मपछि नै उनी अरूको घरको अमानत हुन् भनेर उनलाई छोराको तुलनामा अलि बढी प्रेम, स्नेह र माया दिइन्छ। छोरीको आकांक्षा सकेजति पूरा गर्छन् प्रायः सबै आमाबुवा। छोरीको जन्म भएदेखि नै सामान जोडन थाल्छन् आमाबुबा। चाहे भाँडाकुँडा, गहना वा कपडा नै किन न होस् ? जब छोरी बिहेपश्चात् ससुराली जान थाल्छिन् अनि आमा हजुरआमालगायतकाले उसलाई अब तेरो घर तेरो ससुराली नै हो, त्यहाँ तिमी डोलीमा जाँदैछौ, तिम्रो अर्थी नउठेसम्म त्यहाँबाट ननिस्कनु भनेर सिकाइन्छ।*
*तर, के थाहा कि आयु पुग्नुभन्दा अगाडि नै अकाल मृत्युको मुखमा फालिदिने आमाबुवा बन्नु त टाढा जाओस् सासु ससुरासम्म बन्न नसक्ने अनुहारहरु पनि यही समाजमा छन्।*




छोरी काजल मण्डलको कर्तव्य गरी ज्यान लिई अक्षम्य कसुर गरेकोले निज विपक्षीहरुलाई अभिलम्ब पक्राउ गरी कानुन बमोजिम कार्यवाही गरी, गराई हदै सम्मको सजाय गरी विपक्षीहरु बाट छोरीको विवाहमा लागेको खर्च तथा क्षतिपुर्ती समेत दिलाई भराई पाँउ।
२. यसमा लेखिएको व्यहोरा सत्य साँचो छ, झुठा व्यहोरा लेखिएको ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।
निवेदक
नाम, थरः-आशा देवी मण्डल
सहीः-
मो.नं. ९८१७८३०२५३
ईति संवत २०८० साल जेष्ट १६ गते रोज १ शुभम

**ज्योति झा**
**जनकपुरधाम।**
सातजुनी सँगै बाँच्न त परै जाओस्, विवाहको एकवर्ष पनि बाँच्न नपाउने अभागी हुन् काजल मण्डल। महोत्तरीको औरही गाउँपालिका वडा नम्बर-७ पोखरभिण्डाका विनेक मण्डल र आशा देवीकी पहिलो सन्तान हुन् काजल। काजलभन्दा साना दुई भाइ छन्। काजल आमाबुवाको पहिलो सन्तानमा एक्लो छोरी। र, उसका लागि आमाबुबाको हजारौँ सपना थियो, जो हरेक आमाबुबाले सन्तान जन्मेपछि देख्ने जन्मसिद्ध अधिकारमा पर्दछ।

काजलका बुवा विदेशमा छन्। छोराछोरीको राम्रो र उज्वल भविष्यका लागि ५० डिग्री घाममा पसिनासँगै बाँकी जिन्दगी खोम्रिरहेका छन् सुखको उत्खनन्मा। विदेशी भूमिमा पसिना बगाउनुपर्ने बाध्यताको अन्त्य कहिले होला भनेर उनलाई दिनरात सताइरहन्छ। तर, परिवारको सुखको दिनका लागि उनी विदेशमा दुःख गरिरहेका छन्।

पहिला त बालविवाह सामान्य मानिन्थ्यो। अहिले यो काननतः अपराध हो। सहरतिर नभए पनि गाउँघरतिर कम उमेरमै विहे गर्ने चलन छ। छोरी १४ वर्ष नहुँदै छिमेक र गाउँमा कुरा काट्न थालिन्छ। 'छोरी ठूली भई, फलानो गाँउमा मेरो टाढाको नातामा, मैले चिनेको एउटा केटो छ, विहे गरिहाल' भनेर दुःख गरेर हुर्काएको छोरीको चिन्ता गर्नेहरुको गाउँमा ठूलै लर्को हुन्छ। मानौँ छोरी छान्ने हाटबजार लगाएजस्तो। छोरीको विहेका लागि आमाबुबा भन्दा बढी चासो छिमेक र गाउँलेले लिने गर्छन्।

'बुवा विदेश, काजल उमेरले १९ वर्षकी, घरमा म र उसको भाइहरू मात्र। त्यसमा छिमेकको ताना, संसारको गिद्धेनजरबाट बचाउन छोरीको विहेको कुरा अगाडि बढाएँ,' काजलकी आमा आशा देवीले भनिन, '२०७९ साल असार २४ गते धनुषाको हंसपुर नगरपालिकाका वडा नम्बर-९ रुदौलीका रामदेव मण्डल र सुशीलादेवी मण्डलका छोरा २६ वर्षीय सुनिलसँग सामाजिक परम्पराले काजलको विहे भयो। सुनिल मलेसियामा छन्। केटीलाई केटा र केटालाई केटी मन परेकै थियो। छोरी र ज्वाइँ दुवै एकदम खुशी थिए।' तर, सुनिलकी आमा सुशीलालाई बुहारी पटक्कै मन परेको थिएन। छोराका कारण उनी बाध्य भइन्। विहे भएको १५-२० दिनमै सुनिल कर्मक्षेत्र आफ्नो कार्यस्थल मलेसिया फर्के। घरमा काजल, सासु, ससुरा, देवर अनिल र राजन बस्थे। सासु सुशीलाले सुरुदेखि नै काजललाई दुःख दिइरहेकी थिइन्। माइती जान पनि रोकतोक थियो। माइतबाट होस् वा विदेशबाट बुढाको फोन आउँदा उनी आफ्नो अगाडि मात्र कुरा गर्न लगाउँथिन्। र, माइतमा कुरा गर्न पनि दिँदैन थिइन्।

सबैको हातमा मोबाइल छ। जसको घरबाट पनि कोही न कोही विदेश हुन्छन्। घरमा बच्चादेखि बुढासम्मको हातमा मोबाइल हुनु सामान्य हो। तर, काजललाई सासुले मोबाइलदेखि टाढा राखिन्। काजलको दिनचर्या घरको काम र सासुको ताडना सहेर जसोतसो बित्दै गयो। १० महिनापछि सुनिल मलेसियाबाट छुट्टीमा घर फर्के। जहाँ उनको परिवार र काजल कुरेर बसेका थिए। पति आउने कुराले खुशी र धेरै दिनपछिको पत्नीसँगको भेट भावुकताले भरिएको हुन्छ। काजल र सुनिलको पनि त्यस्तै थियो। दुवै धेरै खुशी थिए। तर, सासुलाई काजल मन परेकै थिएन। काजलले पकाएको खाना सबैले खाए पनि सासु आफ्ना लागि बेग्लै खाना पकाउँथिन्।

समय बित्दै गयो। एकदिन काजल गर्भवती भएको थाहा भयो। गर्भ परीक्षणमा गर्भवती भएको पाइयो। त्यसपछि उसको खुशीको सीमा रहेन। घरमा पनि त्यो खबरले सबै खुशी थिए। तर, सासुका लागि त उनी 'काली' र 'होची' थिइन्। नाता प्रमाणित भएर अर्को पुस्ता आउन लाग्दा पनि उनलाई बुहारी मान्न कठिन भइरहेको थियो। र, त काजललाई प्रायः उनी अनेक तनाव दिएर अपमान गरिरहन्थिन्।

४५ दिनको बिदापश्चात सुनिल मलेसिया फर्कने समय आयो। जेठ ८ गते विदेश जान घरबाट निस्के। जेठ ९ गते काठमाडौँबाट मलेसिया उडे। उनी मलेसिया नपुग्दै जेठ १० गते उनको घरमा कहालीलाग्दो घटना भयो। २० वर्षकै कलिलो उमेरमा अकालमै काजलको मृत्यु भयो। जेठ १० गते साँझ ५ बजे काजल ससुरालीमै झुण्डिएको अवस्थामा मृत भेटिइन्।

ससुराली पक्ष काजलले आत्महत्या गरेको दाबी गरिरहँदा माइत पक्षबाट उनकी आमाले छोरीको हत्या गरिएको जिकिर गर्छन्। काजलको बुबा विदेशमा छन्। भाइहरू सानै छन्। आमा अशिक्षित भएकाले दुनियादारी र कानुनी प्रक्रियाबाट अनभिज्ञ छिन्।

काजलकी आमाले भनिन, 'सुरुमा छिमेक र आफन्तले न्याय दिलाउन सहयोग गर्छु भन्दै आश्वासन दिएका थिए। तर, अब सबैको बोली व्यवहार बदलिएको छ। अब आफन्त र छिमेकले नै पैसा लिएर घटना मिलाउन दबाब दिइरहेका छन्। छोरीको ससुराको नेताहरुसँग राम्रो चिनजान छ। विश्वास छ कि यस घटनामा पक्कै पैसाको चलखेल गरिएको छ। घटना दबाउन भरपुर प्रयास भएका छन्।

छोरी त गुमाएँ, मैले न्याय पनि नपाउने सम्भावना बढेर गयो।'

उनले १० लाख रुपैयाँ लिएर चुपचाप बस्न लगातार चेतावनी आइरहेको सुनाइन्। उनले भनिन्, 'छोरीको लाशको दाम लगाउँ ? आत्महत्या गरेकी भए किन छोरी मर्दा पैसा लिएर चुपचाप बस्न समाज दबाब दिइरहेको छ, यसैले पुष्टि गर्दैन र छोरीको हत्या भएको हो।'

काजलकी आमा न्यायका लागि भौँतारिइरहेकी छन्। उनले कतैबाट सहयोग पाएकी छैनन्। यसको एउटै कारण होः राजनीति, शक्ति र पैसा। के उनी गरिब भएकै कारण न्याय नपाउने हो मधेशमा ? वा उनको छोरीको ज्यानको कुनै मोल छैन समाजमा ? सबै सासुजस्तै काजलको मृत्युको कामना गरिरहेका थिए त ?

पैसा, पहुँच, नातावाद, कृपावाद र राजनीतिले गरिबलाई झन गरिब र पीडित बनाइरहेको छ। छोरा विदेश गएको २४ घण्टा नपुग्दै बुहारी मर्दा पनि प्रहरी, प्रशासन किन एउटा गर्भवती युवतीको मृत्युमा तमासे बनिरहेको छ ? उल्टै केही पैसा लिएर घटना बाहिर नल्याउन सबै दबाब दिइरहेका छन्। मधेशले यसको उत्तर कहिले पाउँछ ? न्याय कहिले पाउँछ ? कहिलेसम्म निर्दोष काजलहरुको झुन्ण्डिएको तस्बिर 'आत्महत्या करार' हुँदै मधेशमा बुहारीको बाँच्ने अधिकार लुटिइरहन्छ समाज, घरपरिवार नै ?

# ब्रिगेडियरको छोरीज्वाइँलाई 'बाँध्यो वीरगंजको मायाले'




**मधेशदृष्टि**
**वीरगंज।**
पतिः पशुपति विक्रम शाह। पत्नीः उषा शाह। वीरगंज मात्र होइन मधेश र देशमै नाम चलेको वीरगंजको सम्झना होटल। हो, यही होटलमा सञ्चालक हुन् शाह दम्पती। अर्थात् 'वीरगंजका राजासाहेब-रानीसाहेब।' बारा, पर्सा, रौतहट मात्रै होइन, देशमा जानेमानेको नमूना र आदर्श जोडी शाह दम्पती विवाहबन्धनमा बाँधिएको ६१ वर्ष भयो। यो ६१ वर्षमा एकदिन दुल्हन फर्काउन उषा माइत गएपछि आजसम्म छुटेका छैनन् जोडी। बढीमा एक घण्टा सँगै नहोलान् र तर हमेसा राजा रानीसँग, रानी राजासँग।

९० वर्षीय शाह वीरगंजकै हुन्। ७६ वर्षीय उषा काठमाडौँ थापाथलीमा जन्मिएकी। अझ राजा महेन्द्र शाहले पूर्वपश्चिम महेन्द्र राजमार्ग विस्तार गर्न लागेका बेला त्यसका कमाण्डर बनाइएका थिए ब्रिगेडियर बलदेव शमशेर जबरा। उनका आठ छोरीमध्ये एक हुन् उषा।

हेर्दा स्वस्थ देखिने दुवैमा सुगर र प्रेसरबाहेक अरु कुनै रोग छैन। औषधी खाइरहेका छन्। दुई छोरा र एक छोरी छन् उनीहरुको। जेठो छोरा सम्झना होटलका सञ्चालक छन्। कान्छा छोरा सेनाबाट अवकाश पाएपछि भैरहवामा छन्। नाति, पनाति भइरसकेका शाह दम्पतीको जोडी वीरगंजमा नमूना मानिन्छन्।

'वीरगंजको मायाले हो यस्तो हिँड्न सकेको, तागत आयो नि,' उषा भन्छिन्, 'खुशी लाग्छ। सबै काठमाडौँ आऊ भन्छन् तर वीरगंजको जस्तो माया त्यहाँ कहाँ पाउँछौँ र ? हामीलाई वीरगंज छाड्न मनै छैन।'

'बच्चैदेखि चुप लागेर बस्न मन नलाग्ने स्वभावकी थिएँ, १४ लाग्दै थिएँ,' उषाले विगत सम्झिइन्, 'उहाँ थापाथलीमै नजिकै घरमा राज हुन्थ्यो, मलाइ हेरिरहनु भएको रहेछ।'

'अब यसलाई लभ त भनिदैंन होला, तर अहिले हो भने हाम्रो विवाह हुन्थेन, कानुनले कारबाही पो गर्थ्यो,' पशुपतिले सुनाए, 'त्यत्रा स्टाफ हुँदा पनि हिँडिरहने, खाना पकाउने यो केटी कस्तो हो भनेर चासो लिँदालिँदै ब्रिगेडियर साबको ज्वाइँ भइयो।'

पशुपति वीरगंज, श्रीपुर-५ मै जन्मिएका हुन्। जन्मेको घर अहिले पनि भाडामा छ। एकसय वर्ष पुरानो भयो त्यो भवन। उनले पटनामा पढे। भारत स्वतन्त्र हुनुभन्दा अगाडिको कुरा सुनाए, 'वीरगंजबाटै एसएलसी गरेँ। भारतबाट बिकम गरेँ। त्यसबेला प्रेम भन्ने कुरा हुन्थेन, मुलुकी ऐनले मलाई १३ वर्षमै प्रेम गर्ने विवाह गर्ने भनेर कारबाही हुन्थ्यो कि, ८ दिदीबहिनीबाट उसलाई टिपेको हुँ। विवाहको एकवर्ष काठमाडौँ बसेँ। युएसएडमा काम गरेँ। १५ वर्षपछि छाडेँ। अहिले पनि अमेरिकी अफिसबाट भत्ता खान्छु, मल्टिपल भिसा छ। उसलाई यहाँ ल्याएर यतै बसेँ, काठमाडौँले तान्नै सकेन, अमेरिका त परको कुरा भयो।'

'महेन्द्र सरकारका पालामा पूर्वपश्चिम राजमार्गको हेड होइसिन्थ्यो ब्रिगेडियर साहेब, २०२४ सालमा हामीले होटल खोलेका हौँ,' पशुपतिले भने, 'नेपाल रेल्वे चल्दा एउटा होटल हिमालय भन्ने थियो। त्यसपछि हामीले सम्झना होटल चलाउन थाल्यौँ। चारवटा कोठा लिएर सुरु गरेका हौँ, अहिले सम्झना होटल भनेपछि सबैले चिन्छन्।'

'वीरगंज छाड्नै सकिएन, यहाँको सम्मान र मायाले हामीलाई बाँच्न सिकायो, अब त यहीँ बस्ने हो, बाचुन्जेल,' पशुपति थप्छन्, 'आन्दोलनले धेरै पलायन भए, पहाडी समुदाय भागे। केही दबाब हामीलाई पनि आएको हो भगाउनु पर्छ भनेर, तर पुरानो

बाँकी पृष्ठ २ मा

# 'मधेश प्रदेश' शब्दावली राख्ने ऐन पारित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेस प्रदेशका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मत पारीत भएको छ।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले यस प्रस्तावलाई सभामा निर्णायार्थ प्रस्तुत गरेका थिए। सो क्रममा कसैलेपनि विरोध नगरेपछि सर्वसम्मत स्वीकृत भएको घोषणा उनले गरे।

मुख्यमन्त्री यादवले प्रदेशसभा कार्यसञ्चालन नियमावली २०७५ को नियम १०७ को उपनियम १ बमोजिम मधेस प्रदेशका केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए।

विधेयकमाथि छलफलको क्रममा प्रदेशसभा सदस्यद्वय रामअशिष यादव र रानी कुमारी तिवारीले संशोधन विधेयक उपयुक्त रहेकोले पास हुनुपर्ने र यसमा सबैजनालाई सहमति जनाउन आग्रह गरेका थिए।

यसअघि बुधबारको बैठकमा मुख्यमन्त्री सरोजकुमार यादवको तर्फबाट शिक्षा तथा समाज कल्याण मन्त्री महेशप्रसाद यादवले नेपालको संविधानको धारा २९५ को उपधार २ बमोजिम प्रदेशसभाको दुईतिहाई बहुमतबाट पारित भई प्रदेशको नामाकरण 'मधेस प्रदेश' कायम भएको र सभामुखबाट २०७८ माघ ३ गते प्रमाणीकरणसमेत भइसकेकोले 'मधेस प्रदेश' नामाकरण गर्नुभन्दा अघि सभाले बनाएको सम्पूर्ण ऐनमा 'प्रदेश नम्बर २' को सट्टा 'मधेस प्रदेश' शब्दाबली राख्न प्रदेशसभा कार्यसञ्चालन नियमावली २०७५ को नियम १०६ को उपनियम २ बमोजिम मधेस प्रदेशका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक सभामा पेश गरेका थिए।

अब प्रदेशसभाको अर्को बैठक आइतबार बिहान ११ बजे बस्ने भएको छ।

### सुन्य समयमा सरकारलाई प्रश्न

प्रदेशसभा बैठक सञ्चालनको क्रममा सभामुख रामचन्द्र मण्डलले सुन्य समयका लागि छुट्याइएको समयमा प्रदेशसभा सदस्यहरुले सदनमा उठाइएको विभिन्न समस्या र प्रश्नहरुको जवाफ नपाएकोमा आक्रोश व्यक्त गरेका छन्।

प्रदेशसभा सदस्य सकिल अली मियाले आफूहरुले उठाएको विभिन्न समस्याको समाधानका लागि प्रदेश सरकारको पक्षबाट जवाफ नपाएकोमा आक्रोश व्यक्त गरेका हुन्। उनले विगतमा १५, २५ शैय्याको अस्पताल सञ्चालनका लागि सरकारले रकम विनियोजन गरेपनि काम अझै

बाँकी पृष्ठ २ मा

# कबीर साहेबजीको प्रकट दिवस मनाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
कबीर साहेबजीको प्रकट दिवसको उपलक्ष्यमा आयोजित विशाल भण्डारा तथा अखण्ड पाठ कार्यक्रममा मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल तथा पूर्वकृषि मन्त्री हरिनारायण यादवको उपस्थितिमा प्रारम्भ भएको छ।

धनुषाको मिथिला नगरपालिका वडा नम्बर २ स्थित बेलाचापीमा रहेको सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज, नेपालको आयोजनामा जगतगुरु तत्वदर्शी सन्त रामपालजी महाराजको सान्निध्यमा कबीर साहेबजी को ६२६ औं प्रकट दिवसको उपलक्ष्यमा आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रम शुक्रबार पाठ प्रकाश गरी प्रारम्भ भएको थियो। तीन दिवसीय उक्त कार्यक्रमको पहिलो दिन नै नेपालबाट तथा भारतका सिक्किम, असाम, पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश लगायत विभिन्न प्रदेशहरुबाट लाखौंको संख्यामा श्रद्धालुहरु सहभागी भएका थिए भने बहुसंख्यामा प्रशासनिक तथा राजनैतिक क्षेत्रका विशिष्ट व्यक्तिहरुको पनि उपस्थिति रहेको थियो।

यस कार्यक्रममा देश विदेशबाट आएका श्रद्धालुहरु पनि निकै संख्यामा सहभागी भएका थिए। उक्त कार्यक्रमको दोस्रो दिन दर्जनौं संख्यामा नव जोडिहरुको दाइजो एवं आडम्बरमुक्त सामुहिक रमैणी विवाह गराउने तथा रक्तदान शिविरको पनि आयोजना गरिने आयोजकले बताएका छन्। सन्त रामपालजी महाराजका अनुयायीहरु द्वारा यस्ता कार्यक्रमहरु विभित्र  समयमा गराइरहेको र यस्ता कार्यक्रमले समाजलाई विकृतिमुक्त बनाउन एउटा पृथक किसिमको दिशानिर्देश गरिरहेको कुरा पनि संस्थाका संयोजकले बताएका छन्।

दाइजोप्रथा, नशा सेवन, मांसाहार , भ्रष्टाचार, आदी सबै किसिमका सामाजि विकृति तथा विसंगतिहरुबाट मुक्त गराई स्वच्छ, सभ्य, सुखी समाज निर्माण गर्ने सन्त रामपालजी महाराजको उद्देश्य रहेको जानकारी अनुयायीहरुले दिएका छन्।

आज भन्दा ६२५ वर्ष पहिले कबीर साहेबजी काशीको लहरतारा तलाउमा विकसित कमलको फूलमा सतलोकबाट सशरिर शिशु रुपमा प्रकट हुनुभएको थियो र उहाँले आफ्नो जीवनमा वेदमा वर्णित भगवानका लिलाहरु गर्दै धरतीमा १२० वर्ष बिताएर मगहर भन्ने स्थानबाट लाखौं मानिसहरुका सामुन्नेबाट सशरीर नै परमधाम सतलोक जानुभएको थियो। उहाँको जन्म कुनै आमाको गर्भ बाट भएको थिएन र न त उहाँको देहान्त भयो।उहाँ स्वयं पूर्ण परमात्मा हुनुहुन्छ भन्ने जानकारी दिंदै हजारौं प्रमाणहरु प्रदर्शनीका माध्यमबाट देखाईएको थियो। कबीर साहेब प्रकट हुनुभएको दिनको स्मरणमा कबीर साहेब प्रकट दिवस मनाउने गरिएको छ।

कार्यक्रममा आउने सर्व आगन्तुकका लागि शुद्ध घ्यूमा बनेका लड्डु, हलुवा प्रसाद एवं परम सन्त रामपालजी महाराज द्वारा लिखित ज्ञान गंगा, गीता तिम्रो ज्ञान अमृत, जीउने मार्ग,हिन्दू धर्म महान जस्ता आध्यात्मिक पुस्तकहरुको सेवा पनि कार्यक्रममा गरिँदै छ। सर्व आगन्तुकका लागि आश्रममा सबै सेवा सुविधाहरु निःशुल्क रुपमा नै व्यवस्था गरिएको छ।

# बटेश्वरमा इन्टरनेटमै १३ लाख खर्च !




**मधेशदृष्टि**
**जनकपुरधाम।**
बटेश्वर गाउँपालिकामा वर्षमा इन्टरनेटमै झण्डै १३ लाख रुपैयाँ खर्च भएको छ भने असारमै साढे ७ लाख रुपैयाँ खर्च भएको छ।

धनुषाको बटेश्वर गाउँपालिकाले एक वर्षमै इन्टरनेट लिएको वापत झण्डै १३ लाख रकम खर्च गरेको महालेखा परीक्षक नियन्त्रकको कार्यालयले सार्वजनिक गरेका प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै आर्थिक वर्ष २०७८/०७९ मा बटेश्वर गाउँपालिकाले सञ्चार वापतको खर्चका लागि १७ लाख ५० हजार रुपैयाँ विनियोजन गरेकोमा १२ लाख ८९ हजार ३२७ रुपैयाँ खर्च गरेको यस प्रतिवेदनमा उल्लेख गरिएको छ।

यस पालिकाले २०७८ साल असोज १९ गते सुविसु केवल नेट प्रा.लि.लाई ६२ हजार ३४६ रुपैयाँ, असोज २० गते क्षीरेश्वर नेटवर्क प्रा.लि. लाई ३० हजार ५८ रुपैयाँ, कार्तिक ११ गते जेके ट्रेडर्सलाई १२ हजार ५०५ रुपैयाँ, पुस ६ गते पुनः सुविसु केवल नेट प्रा.लि लाई १८ हजार ५९४ रुपैयाँ, पुस १६ गते जेके ट्रेडर्सलाई १२ हजार ५ सय र २० गते १२ हजार ५ सय रुपैयाँ, पुस २८ गते सुविसु केवल नेटलाई पुनः १३ हजार ५ सय रुपैयाँ भुक्तानी गरेको छ।

त्यस्तै वैशाख ३० गते भएको निर्वाचन पश्चात आएको नयाँ जनप्रतिनिधिले २०७९ साल असार २४ गते वेभ सर्फर नेपाल कम्यूनिकेशनलाई ५ लाख ७६ हजार, असार ५ गते इवे एम्बिसन स्टोर्सलाई ९८ हजार ८ सय ७५ रुपैयाँ र सोही दिन इवे एम्बिसन स्टोर्सलाई नै ९९ हजार ४४० रुपैयाँ भुक्तानी गरेको महालेखा परीक्षक नियन्त्रक कार्यालयको प्रतिवेदनमा उल्लेख छ।

महालेखापरीक्षकको प्रतिवेदनमा जनाइएअनुसार सञ्चार खर्च अन्तर्गत पालिकाले भुक्तानी गर्नुपर्ने गरी जडान भएको इन्टरनेट सेवा प्रदायकको पहिचान नम्बर र स्थान खुल्ने गरी अभिलेख समेत नराखेको पाइएको छ।

आगामी वर्षका लागिसमेत हुने गरी भुक्तानी गरेको तथा इन्टरनेट शुल्क भुक्तानी गरेका सेवा प्रदायकले प्रदान गरेको राउटरको पहिचान नम्बर सहितको अभिलेख बेगरको भुक्तानी दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने औंल्याइएको छ।

# स्रोत नखुलेको रकमसहित पाँच पक्राउ

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीबाट स्रोत नखुलेको रकमसहित पाँचजनालाई प्रहरीले पक्राउ गरेका छन्।अवैध रकमसहित पक्राउ पर्नेमा हरिवन नगरपालिका वडा नम्बर २ का २३ वर्षिय इन्द्रबहादुर कार्की, २८ वर्षिय कमल दर्लामी, ३४ वर्षिय सञ्जिव तामाङ, २५ वर्षीय लेखबहादुर दर्लामी र लालबन्दी नगरपालिका वडा नम्बर १



घर भई मलंगवाको बाबा अटो सर्भिसमा काम गर्ने ३१ वर्षिय नुरहसन साह रहेका छन्।

जिल्लाको मलंगवा नगरपालिकाबाट भारतको सोनवर्षातर्फ जाँदै गरेको बा ३० प ६३१३ र बा ९१ प १३२५ नम्बरको मोटरसाइकललाई शंकाको आधारमा चेकजाँच गर्दा मोटरसाइकलभित्र लुकाएर राखिएको २ लाख ५० हजार भारतीय रुपैयाँ र १ लाख ७० हजार नेपाली रुपैयाँसहित मोटरसाइकलमा सवार रहेका उनीहरुलाईसमेत सर्लाही प्रहरीले नियन्त्रणमा लिएको हो।

सर्लाही प्रहरीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दीपेन्द्रकुमार पंजियारले स्रोत नखुलेको रकमसहित पक्राउ परेका उनीहरुमाथि थप आवश्यक अनुसन्धान भइरहेको जनाएका छन्।

# बैंक लुटेरा खोज्दै प्रहरी




**मधेशदृष्टि**
**जनकपुरधाम।**
महत्तरीको महोत्तरी गाउँपालिका स्थित एनएमबी बैंकमा भएको लुटपाटमा प्रहरी अहिलेसम्म केही फेला पार्न सकेको छैन। तर महोत्तरी प्रहरीले भने सुक्ष्मढंगले अनुसन्धान थालिरहेको बताउँदै आएको छ।

गत सोमबार दिउँसो एनएमबी बैंकको शाखाभित्र प्रवेश गरेर पेस्तोल बोकेका एक समूहले कर्मचारीलाई नियन्त्रणमा लिई १५ लाख रुपैयाँ भन्दा बढी रकम लुटपाट गरेका थिए।

महोत्तरी प्रहरीले जनाएअनुसार बैंकबाट १५ लाख एक हजार चार सय ९३ रुपैयाँ लुटपाट भएको छ। बैंकको शाखाले समेत रकम लुटपाट भएको भन्दै अनुसन्धान गरी दोषीमाथि कारवाही गर्न जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई पत्र पठाएको छ।

महोत्तरी प्रहरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले बैंक लुटपाटको घटनामा सूक्ष्म ढंगले अनुसन्धान भइरहेको जनाए। बैंकको गतिविधि बारे सूचना लुटेराहरुले पाउने गरेकाले यो घटना निम्तिएको हुन सक्ने अनुमान उनको छ।

उनले बैंककै केही कर्मचारी र सुरक्षागार्डलाई समेत अनुसन्धानको दायरा भित्र राखिएको बताए। प्रहरीले उनीहरूको फोनको कल रेकर्ड समेत हेरिरहेको बताए।

एनएमबी बैंक भएको स्थान र भारतीय सीमा करिब १० किलो मिटरको दुरीमा रहेको छ। नेपाल-भारत खुला सिमानाका कारण भारतबाट आएका लुटेरा समूहले लुटपाट गरेर भागेको आशंका रहेको उनले बताए।

लुटेरा समूहले पटकपटक बैंकमा 'रेकी' गरेपछि मात्रै लुटपाट गरेको हुनसक्ने आशंका महोत्तरी प्रहरीको छ। उनले बैंक लुटपाट योजनाबद्ध ढंगले भएकोले यसका लागि बैंकमा आएर पटकपटक लुटेराले रेकी गरेको दावी गरे।

# 'मधेश प्रदेश' शब्दावली राख्ने ऐन...

अधुरो नै रहेको गुनासो गरेका थिए। उनलेप्रदेश सरकारबाट बजेट कार्यान्वयन हुनुपर्ने मागसमेत गरे। त्यस्तै प्रदेशसभा सदस्य विणा देवी शर्माले समानुपातिक सांसदले पनि प्रत्यक्ष निर्वाचित सांसद जस्तै बराबर बजेट पाउनु पर्ने माग गरिन्। शून्य समय बोल्दै प्रदेशसभा सदस्य शर्माले प्रत्यक्ष निर्वाचित सांसदले संसदीय विकास कोषमा पाउँदै आएको ३ करोड रुपैयाँ समानुपातिकले पनि पाउनु पर्ने माग गरिन्। त्यस्तै प्रदेशसभा सदस्य शम्भु कुमार साहले आफूहरुको क्षेत्रमा कुन योजनामा कति रकम गएको बारेमा समेत जानकारी नहुनु दुःखद रहेको बताए।

उनले यसबारे जानकारी उपलब्ध गराउन माग गरेका थिए। त्यस्तै प्रदेशसभा सदस्य शारदा देवी थापाले प्रदेश सरकारले विकासको बाटो खोजेको हो कि विनासको बाटो रोजेको भन्दै प्रश्न गरिन्। उनले फर्छ्यौट हुन बाँकी रहेको रकम भुक्तानी नगरी विकासको नाममा विनास रोजेर खोजेको भन्दै तत्काल बाँकी भुक्तानी गर्न माग गरिन्। प्रदेशसभा सदस्य थापाले भनिन्, ' विकास निर्माणको काम दिएपछि रकमपनि दिनुपर्छ, तर दिने बेलासम्ममा नदिने र नभन्नै सक्ने, त्यतिबेला नै दिन्न भन्नुपर्यो, कि दिन्छु भन्नुपर्यो। दिने हो भने कहिलेसम्म त्यो मिति तोकिनुपर्यो। नदिने हो भने के कारण हो खुलाईदिनु पर्यो। यसरी उपभोक्तालाई अन्योलमा राखेर सरकारले फेरी ल्याउन लागेको बजेट बेकार हुने हुनाले पहिले फर्छ्यौट होस्।'

# ब्रिगेडियरको छोरीज्वाइँलाई 'बाँध्यो वीरगंजको...

बुढापाका मधेशी समुदायले नै हाम्रो पक्षमा बोलिदिए, उहाँहरुले अन्याय गर्नु भएको छैन भनेर हामीलाई पुराना मधेशी समुदायले नै जोगाए।' पशुपति सम्झन्छन्, 'माओवादीकालमा पनि होटलमा सुतली बम पड्काउन आदेश भएछ तर स्थानीय माओवादीले उहाँहरुबाट केही बिगार भएको छैन, नबिथोलौँ भनेर हामीलाई सम्मान नै दिए र वीरगंज छाड्नै सकिएन।'

'एक क्रेट अण्डा ७ रुपैयाँमा आउँथ्यो, २ रुपैयाँ किलो चिनी थियो,' उषाले सम्झिइन्, 'राजा सामाजिक कार्यमा व्यस्त, जहाँ पनि बोलाएको ठाउँमा पुगेका छौँ। बोलाएको ठाउँमा गए माया पाइन्छ। वीरगंजकै माया लागिरहन्छ।' उनी सुनाउँछिन्, 'फोन आउँछ, वीरगंजको राजारानी हजुरहरु हो, छाडेर नजानुहोस् नै भन्छन्। काठमाडौँमा हामीलाई कसले चिन्छ र ? यस्तो सम्मान कसले दिन्छ र ?'

९० वर्षीय पशुपति राति १० बजे रेडियोमा समाचार सुनेर सुत्छन्, बिहान ७ बजे उठेर रेडियोमै समाचार सुन्छन्, अनि योगा गर्छन्। '४० वर्ष भयो, कुर्सीमा बसेर काम गरेँ, भूइँमा बस्न सक्दिनँ, वीरगंज छाडे बाँच्ला जस्तो लाग्दैन,' उषा सुनाउँछिन्, 'वीरगंज छाड्ने कल्पना पनि छैन। बिहान उठेर पूजापाठ गर्छु, चिया बनाएर खान्छु।' दिउँसो होटलको गेस्टहरुसँग कुराकानी गर्ने, विगत सम्झनेमै दिनचर्या बित्छ। दैनिक २ वटा त कार्यक्रममा पुग्न निमन्त्रणा आएकै हुन्छ।

'बुद्धको शान्ति, शान्तिको देश, अहिले मारकाटको देश जस्तो भयो,' राजपरिवारसँग पनि निकटता रहेका पशुपति भन्छन्, 'जनतामा वितृष्णा धेरै देखिन्छ। उतारचढाव देखिन्छ, हत्पत्ति देशमा शान्ति होलाजस्तो लाग्दैन। विदेशीको गिद्धेदृष्टि छ। युरेनियम, खानीमा ठूला देशको, विदेशीको आँखा लागेर हो यस्तो भइरहेको।'

'हाम्री नातिनी हुन् साम्राज्ञी राज्यलक्ष्मी शाह। हिरोइन छे, २० वटा फिल्म खेलेकी छे,' उषाले भनिन्, 'झगडा हुन्छ, एकवर्षमा एकदुई पटक हुन्छ, एक घण्टा पनि नबोली बस्न सकिन्न। उहाँ नै फकाउनु हुन्छ, सामान सोध्दै आउनुहुन्छ। मैले पनि आजसम्म एकदिन मात्रै माइती बसेर राजाकै सेवा गरेँ नि त।'

पशुपति जेसीज, रोटरी, लायन्सलगायतका सामाजिक संस्थाका वीरगंजमा संस्थापक हुन्। 'बिमल श्रीवास्तवका पालामा नारायणी स्टेडियम बनायौँ, घण्टाघरको घडी बाहिरबाट ल्यायौँ,' पशुपतिले सुनाए, 'अहिले नारायणी स्टेडियम जस्तो छ, देशको हालत पनि उस्तै छ।'

उनले सुनाए, 'त्यतिखेर शरच्चन्द्र शाहको खेलकुदमा एकलौटीजस्तै थियो, लक्ष्यबहादुर गुरुङ अञ्चलाधीश थिए, जेलखानाको सबै कैदीलाई ट्रकमा हालेर ल्याएर श्रम गराएर स्टेडियम बनाइएको हो।' २० बिघामा स्टेडियम, कभर्ड हर्ल, होस्टल राख्ने, स्विमिङ पुलको त्यतिखेरै योजना थियो। उनी भन्छन्, 'छतबाट सिमेन्ट झरिरहेको देख्छु र सम्झन्छु, खण्डहर बताती हे कि इमारत बुलन्द होना चाहिए।' यतिखेर अञ्चलाधीश लक्ष्यबहालुर गुरुङले भनेका थिए, 'जग्गाजमीन जोड्नू।' आफ्नो पुस्तौनी छदैँथियो। थप जोड्न मन लागेन। पैसा कमाउन पर्छ जस्तै लागेन। उनले सुनाए, 'हीरामोती खाने होइन, दालभात रोटी खानलाई पुगेकै छ।'

पशुपतिले पूर्वराजा ज्ञानेन्द्र शाहसँगका सम्झना सुनाए, 'सरकारमा हुँदा उहाँ दुईपटक सवारी भइसक्यो, परिवार नै सवारी भयो। ब्रेकफास्ट र लन्च व्यवस्था गरिदिनु भन्नुभयो। डेरीको दूधको खोज्नु है भनेर राति ९ बजेतिर फोन आएको थियो।' भोलिपल्ट आर्मी आएर  छामछुम गर्न थालिहाले, हाम्रो पारिवारिक नाता नजिक भए पनि सरकारको सवारी न थियो।' उनले सुनाए, 'लञ्चपछि बडामहारानीबाट पानको हुकुम भयो। हतारहतार माइस्थानबाट पान ल्याएर महारानीलाई दियौँ।' उनले सुनाए, 'पछि सिमरामा पनि बोलावट भयो। गफगाफ भयो। बगैँचामा सरकार र म मात्रै बसेर आधाघण्टा गफ गर्‍यौँ।'

अहिले विवाह र सम्बन्ध विच्छेदको बाढी चलेको बेला छ। पशुपति सुझाव दिन्छन्, 'पकाइदिन्छ उसैले। हेर्छ उसैले, ए नून किन चर्को भन्नुको साटो सभ्य बोलीमा तिमीले बनाएको खाना त भएन नै है भन्यो भने झगडै पर्दैन नि, सम्बन्धमा मिठास रहन्छ, सहनै सक्तैनन् अचेलका पुस्ता।'

पशुपतिले वीरगंजमा मन पर्ने दुई नेतामा बिमल श्रीवास्तव र वर्तमान मेयर राजेशमान सिंहको नाम लिए। भने, 'बिमलको पालामा त्यही किसिमको परिस्थिति थियो, अहिले युवा पुस्तामा राजेशमानजीले नयाँ उचाइ बनाउनु भएको छ।' दुई मिलनसार साथीको नाममा पशुपतिले भने, 'उटा साथी ध्रुव साह, एउटा जीवन साथी उषा।'

# सस्तोमा खाना खुवाउँदै होटेल इलाइट




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जनकपुरधामका होटेल व्यवसायीहरुलाई सस्तो मूल्यमा सेवाग्रहीलाई सुविधाजनक सेवा गर्न आग्रह गरेका छन्।

शुक्रबार जनकपुरधाम स्थित होटेल इलाइटले आयोजना गरेका पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष महासेठले जनकपुरधामका होटेलहरु खान, बस्नमा धेरै महगो भएको भनि गुनासो आउने गरेकाले यस्ता समस्या तत्काल समाधान गरी सकारात्मक सन्देश प्रवाह गर्न होटेल व्यवसायीहरुलाई आग्रह गरेका हुन्।

उनले जनकपुरधाम हिन्दु धर्मावलम्बीहरुको ऐतिहासिक पवित्र धार्मिक नगरी रहेकाले श्रद्धालु भक्तजनदेखि यस नगरीमा घुम्न आउने पर्यटकीयले समेत आफ्नो तितो अनुभुती अन्य व्यक्तिलाई भन्नु भन्दा राम्रो सुखद सन्देश भनोस् भन्ने मनसायले समेत आदानप्रदान गर्ने वातावरणको विकास गर्नुपर्ने बताए।जनकपुरधामको पुरानो र ख्यातीप्राप्त होटेल इलाइटले सस्तोमा खाना खुवाउने भएको उनले बताए।

जनकपुरधामको चर्चित र निकै पुरानो होटेल इलाइटका सञ्चालक पारसनाथ प्रसाद साहले यस होटेलमा १ सय ५० रुपैयाँ मिथिला भोजनका परिकारहरु खुवाइने बताए। उनले सेवाग्राहीलाई ध्यानमा राखेर सस्तो, सर्वसुलभरुपमा यहाँ ओर्डर अनुसारको शकाहारी तथा माँसहारी भोजन व्यवस्था रहेको बताए। उनले ओर्डर अनुसार एक हजार व्यक्तिलाई समेत खाना खुवाउन सक्ने क्षमता रहेको बताए।

## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
धन आर्जनका नया स्रोतहरु खुल्नेछन, तपाइको को कार्यको उचित मूल्यांकन होला।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
रोगबाट मुक्ति पाइएला। अधुरा काम बन्नाले मन हर्षित होला।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ। परिवारजनको सहयोग पाइएला।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
अपरान्हपछी चोटपटक को भय हुनाले साबधान रहनुहोला।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ। आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला। प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# समाजमा अझै पनि पानी नचल्ने विभेद कायमै




**मधेशदृष्टि**
**सप्तरी ।**
रुपनी गाउँपालिका वडा नम्बर ५ मा शुक्रबार जातिय विभेद सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

वडा नम्बर ५ का जना ३५ जना दलित महिलाहरुको सहभागितामा सो कार्यक्रम सम्पन्न भएको हो ।

यस कार्यक्रममा बोल्दै प्रमुख अतिथि वडाध्यक्ष गंगाराम यादवले जातिय विभेद समाजमा ठूलो समस्याको रुपमा रहेको वताएका छन् । उनले संविधान कानुनले यसलाई निषेध गरेको भएपनि केही अवशेष अहिले पनि बाँकी रहेको वताए ।

'पानी नचल्ने विभेद कायमै छ, यसले समाजमा समस्या मात्र हैन हिंसा पनि हुने गरेको छ' उनले अघि थप्दैं भने, 'यस्तो जनचेतनामूलक कार्यक्रमबाट विभेदमुक्त समाज निर्माण हुनेमा म विश्वस्त छु ।'

रुपनी गाउँपालिकाको सहयोगमा शहिद दशन मेमोरियल प्रतिष्ठान विष्णुपुरले आयोजना गरेको कार्यक्रममा प्रशिक्षक विनय कुमार लाल कर्ण र श्यामप्रकाश यादवले सहजिकरणा गरेका थिए ।

# मिटरब्याजीविरूद्ध उजुरीको लर्को



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिटरव्याजी विरुद्धमा उजुरी दिने पीडितहरुको संख्या दिनानुदिन बढ्दै गएको छ ।

मधेश प्रदेशको राजधानीमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगको स्थापनासँगै मिटरब्याजीविरूद्धका उजुरी दिने लर्को लागेको हो ।

वैशाख १७ गतेदेखि ३१ गतेसम्मका लागि उजुरीका लागि समय निर्धारण गरेको थियो । यस अवधिमा उजुरीहरू पर्ने क्रम जारी रहेकोले ७ दिन म्याद थप गरी जेठ ७ गतेसम्मका लागि बढाइयो । तर जेठ ७ गतेसम्म पनि उजुरीको चाङ बढ्ने क्रम नरोकिएपछि पुनः जेठ १४ गतेसम्मका लागि समय थपिएको थियो ।

यस प्रदेशमा यस २९ दिनको अवधिमा ( वैशाख १७ देखि जेठ १४ गतेसम्म) मिटरब्याजीविरूद्ध १८ हजार ८५ वटा उजुरी परेका छन् । सरकारले मिटरब्याज पीडितको समस्या समाधान गर्न उजुरी माग गरेको २९ दिनसम्म यो संख्यामा उजुरीहरू जिल्ला प्रशासन कार्यालय मार्फत प्राप्त भएको जनाइएको छ ।

यस अवधिमा मिटरब्याजीविरूद्ध सबैभन्दा बढी बारा जिल्लामा ३ हजार ३२२ उजुरी परेको जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जनाएका छन् ।

त्यसपछि सिरहामा मिटरब्याजीविरूद्ध २ हजार ९२० उजुरी परेको जिल्ला प्रशासन कार्यालय सिराहाका सूचना अधिकारी भवेश कुमार झाले बताए । त्यसमध्ये ६२ वटा उजुरी फर्छ्यौटसमेत भएको उनले बताए ।

त्यस्तै, धनुषामा भने २ हजार ६११ वटा उजुरी प्राप्त भएको प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बताए ।

त्यस्तै महोत्तरीमा २ हजार ३३६ उजुरी प्राप्त भएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताए ।

त्यसैगरी रौतहट जिल्लामा २६ दिनमा मिटरब्याजीविरूद्ध २ हजार ४७ थान उजुरी परेको छ । भने सर्लाहीमा १ हजार ९२० उजुरी परेको छ ।

त्यस्तै जिल्ला प्रशासन कार्यालय सप्तरीमा १ हजार ५७९ उजुरी परेको छ । पर्सामा भने मिटरब्याजीविरूद्ध १ हजार ३२० थान उजुरी परेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

सरकारले मिटरब्याज पीडितको माग सम्बोधन गर्नका लागि गत चैत २० गते तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोग स्थापना भएसँगै मिटरब्याजीलाई कारबाहीको दायरामा ल्याउन पीडितहरूको निवेदन आह्वान गरिएको आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले जानकारी दिए ।

मिटरब्याज पीडितहरूले आफूसँग उपलब्ध रहेका प्रमाणसहित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन् । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटरब्याज पीडित सहायता कक्ष स्थापना गरिएको थियो ।

त्यस्तै लुम्बिनी प्रदेशमा ३ हजार १२, कोशीमा ३७७, सुदूरपश्चिममा १५७, बागमती प्रदेशमा ६९, कर्णालीमा ४५ र गण्डकी प्रदेशमा शून्य उजुरी परेको आयोगका अध्यक्ष कार्कीले बताए ।

जिल्ला प्रशासन कार्यालयहरूमा परेका उजुरीहरु अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगमा अद्यावधिक गर्ने छन् ।

# आम मुस्लिम मोर्चाको अध्यक्षमा मंसुरी



**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा) निकटको 'आम मुस्लिम मोर्चाको केन्द्रीय कमिटी विस्तार गरिएको छ । आम जनता पार्टीका प्रवक्ता चन्द्र भूषण साहले जनाएअनुसार विस्तारित कमिटीको अध्यक्षमा लालबावु मंसुरी, ईन्चार्ज इस्लाम हवारी, उपाअध्यक्षमा लुकमान मिया, सबिना खातुन, इस्लाम मिया, कोषा अध्यक्षमा सनिफ मिया, सचीउमा फिरोज हवारी, मो. जाबिर नवाब , महासचिवमा शेख मोबिन रहेका छन् । त्यस्तै सदस्यहरुमा नाजिर मिया, शेख जमाल, नेकमोहमद,आशा महमद, शेख सकिना खातुन, रहीम हवारी , फिरोज मन्सुरी, बेचन हवारी, हुसेन मिया, मो अफताब अली, नौसाद, सकील मंसुरी ,जियाउल हक रहेको मोर्चाका केन्द्रीय अध्यक्ष लालबावु मंसुरी बताए ।

# अधिकारप्राप्तिका आन्दोलनमा मिडियाको महत्वपूर्ण भूमिका



**मधेशदृष्टि**
**जलेश्वर ।**
मधेश प्रदेश सरकारकी विना विभागीय मन्त्री सुरिता साहले चौथो अंगको रुपमा रहेको मिडियाको शक्तिलाई चिन्न नसक्नु आफ्नै खुट्टामा बञ्चरो हान्नु जस्तै भएको बताएकी छन् ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशले नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको सभाहलमा शुक्रबार आयोजित सामुदायिक रेडियोहरुको व्यवस्थापन एवम् सुदृढिकरण सम्बन्धी एक दिवसीय कार्यशाला गोष्ठीमा बताइन् । मधेश आन्दोलन लगायत अधिकारप्राप्तिका आन्दोलनहरुमा मिडियाहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्नुहुँदै मन्त्री साहले बताइन् ।

मधेश प्रदेश सरकारले अन्य क्षेत्र जस्तै मिडियालाई महत्व दिएर नीति तथा कार्यक्रम र बजेटमा सम्मानजनक रुपमा सम्बोधन गर्नुपर्ने उनले बताइन् ।

मधेशका मिडियाहरुले विभिन्न चुनौतिहरुको सामना गर्दै जनतालाई सुसूचित गर्ने कार्य गर्दैआएकोमा प्रशंसा मन्त्री साहले प्रशंसासमेत गरिन् ।

सामुदायिक रेडियो प्रशारक संघ मधेश प्रदेशका अध्यक्ष मनोज कुमार यादवले मधेश प्रदेश सरकारले सामुदायिक रेडियोहरुलाई सबल बनाउन सरकारले सम्मानजनक बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिइन् ।

त्यस्तै मधेश प्रदेशका पूर्व गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साहले संघ सरकारले प्रदेशलाई अधिकार दिने सवालमा गम्भीर नरहेकोले संविधानले दिएको अधिकारलाई कार्यान्वयनमा ल्याउन सबै पक्ष एकतावद्ध भएर लाग्नुपर्ने बताए । विभिन्न निर्वाचनहरुका कारण सरकारले समयमा बजेट परिचालन गर्न नसकेकोले नीति तथा कार्यक्रम र बजेट आईसकेपछि द्रूत गतिमा कामहरु अगाडि बढ्ने वहाँले प्रतिवद्धता व्यक्त गरे ।

त्यस्तै प्रदेश सभा सदस्य किरण साहले देशमा परिवर्तनमा ल्याउन मधेशका मिडियाहरुले महत्वपूर्ण भूमिका निभाएको चर्चा गर्दै मिडिया क्षेत्रलाई थप व्यवस्थित बनाउनुपर्ने बताए । केही राम्रा र उदाहरणीय कामहरु आमसञ्चार प्राधिकरणले गरेको भन्दै थप गति दिन समयमा बजेट र कर्मचारी व्यवस्थापन आवश्यक रहेको बताए ।

आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, प्रेस काउन्सिलका पूर्व सदस्य चन्द्रदेव कामती, नेपाल पत्रकार महासंघ महोत्तरी शाखाकी कार्यवाहक अध्यक्ष सुनिता बराललगायतकाले बोलेका थिए ।

# हटाइएका स्वास्थ्यकर्मीहरू तलबभत्ता माग्दै आन्दोलित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला विहारी नगरपालिकाकाबाट हटाइएका करारका स्वास्थ्यकर्मी कर्मचारीहरू तलब माग्दै आन्दोलित भएका छन् ।

लामो समय देखि तलब भत्ताको माग गर्दै आन्दोलित भएपनि अहिलेसम्म कुनै सुनुवाई भएको छैन ।

११ दिनदेखि धर्नामा बसेका आन्दोलरत्त स्वास्थकर्मीहरुले आकस्मिकबाहेकका सबै सेवा बन्द गरी आन्दोलनमा उत्रिएको जनाएका छन् ।उनीहरू विगत ८ महिनादेखि बाँकी रहेको आफूहरूको तलब र भत्ताको व्यवस्था गर्न तथा पोशाक भत्ताको रकमसमेत उपलब्ध गराउन माग गर्दै धर्ना बसेका हुन् ।

मिथिला बिहारी नगर कार्यपालिकाको कार्यालय तारापट्टीको मूल गेटमा ६ सुत्रीय माग राख्दै आन्दोलनमा उत्रिएको संघर्ष समितिका अध्यक्ष ओमप्रकाश यादवले बताए ।

जुनसुकै बेलापनि स्वास्थ्यकर्मी खटिरहेकोमा आफुहरूले विगत ८ महिनादेखि सेवा सुविधा नपाउँदा हातमुख जोड्नसमेत धौँधौँ समस्या भएको दुःखेसो पोखे ।

आर्थिक वर्ष ०८०/८१ देखि नियमित रूपमा तलबको व्यवस्था गर्न, हरेक स्वास्थ्य चौकीमा औषधिको सहज व्यवस्थापन गर्न, विगत तीन वर्षदेखि बाँकी रहेको नागरिक लगानी कोष र सञ्चय कोषको रकम समयमै जम्मा गर्न माग अघि सारेका उनले बताए ।

संघर्ष समितिका अध्यक्ष यादवले मेयरदेखि हाकिमसम्म यसवर्ष स्वास्थ्यकर्मीको लागि बजेट नै नआएको भन्दै बेवास्ता गर्दै पञ्छिने काम गरेको प्रति आक्रोशसमेत व्यक्त गरे ।

उता, धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा पनि करारका कर्मचारीहरू विगत १० दिनदेखि धर्नामा बसेका छन् ।

नगरपालिकाले २०७४ सालपछि नियुक्त भएका करारका कर्मचारीहरूको म्याद थप नगर्ने निर्णय गरेपछि उनीहरू जेठ १० गतेदेखि धर्नामा बस्दै आएका छन् ।

करार कर्मचारी सबैको नियुक्ति खारेज वा म्याद नथपिएका कर्मचारीको म्याद थप गर्नुपर्ने मागसहित ५४ जना कर्मचारीसमेत धर्नामा छन् ।






# जसपाले गर्दा नागरिकता समस्या समाधान भयो: उपेन्द्र यादव



**मधेशदृष्टि**
**सुनसरी ।**
सत्तारुढ जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देश जसपाको एजेण्डामा अघि बढिरहेको दावी गरेका छन् ।

शुक्रबार सुनसरीको इनरुवामा कार्यकर्तालाई सम्बोधन गर्दै अध्यक्ष यादवले नागरिकता समस्या समाधान जसपाकै कारण भएको दाबी गरेका हुन् ।जसपाका अगुवा कार्यकर्ता भेला तथा बधाई सम्मान कार्यक्रममा बोल्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष यादवले देशको परिवर्तनकारी आन्दोलन र संघर्षले संघीयता, पहिचानसहितको मधेस प्रदेश, सुशासन र समृद्धि सम्भव भएको बताए ।

नागरिकलाई शिक्षा, स्वास्थसहितको रोजगार दिलाउन लागिपरेको भन्दै उनले जसपा समावेशिता, पहिचान, समानुपातिक समावेशी, जातीय विभेद अन्त्य र नागरिकता समस्या समाधान गर्ने पार्टीको रूपमा स्थापित भएको बताए ।

जिन्दगी छोटो छ, तर लामो समय हामी गुनासो र रिसमै बिताइदिन्छौं।

- एलन मस्क

सातको कविता

# गणेश लाठका तीन कविता



जसलाई छिया छिया बनायो समय नामक मुसोले
त्यो सिङ्गो पुस्तक थियो मेरो आफ्नै अतीतको
हरेक पाना मुढताको मसीले लेखिएका
अनेक प्रसङ्ग अहंकार भावले थिचिएका,
हरेक अध्याय आफ्नै बखानले भरिएका
कतै कतै त थिए कुण्ठाका रङ्ग मिसिएका ।
ठिकै छ, पुनः कोर्ने छु आफ्ना सिकाइहरु,
साँघुरिँदै गएको जीवनको यो चौबाटोमा
उकेर्ने छु स्नेहको मसीले  आफ्ना भोगाइहरु ।
केही पानामा हुनेछन् क्षमायाचनाका रङ्गहरू
केहीमा राख्नु नै पर्ला कृतज्ञताका प्रसङ्गहरू,
अनि हो, सँगै लैजाने छु स्मृति अन्तरङ्गहरु ।
यस्तो दुनियामा जहा हुँदैन बिहान वा दिउँसो,
सुखदुःख अथवा समय नामक त्यो दुष्ट मुसो ।

oooo

अ, साँच्चै कसरी पाइँदो हो खुसी ?
बैलुन बेच्नेहरुले बैलुन बेचेर
चर्चेको हुन्छ जीविकाको खुसी,
त्यही बैलुन किन्नेले पनि
अर्जेको हुन्छ रमाइलोको खुसी ।
कतिपयलाई बैलुन बेच्नु वा
किन्नुमा हुँदैन खासै रुचि
तर अरूको बैलुन फुटाल्नुमै
लुटेको हुन्छ परपीडक खुसी,
थोरै हुन्छन् यस्ता पनि
बाड्दै हिँड्छ बैलुन अनाहकमै
त्यसैमा बटुलेका हुन्छन्
आफ्नो जीवनको अदम्य खुसी ।

oooo

*खासमा के हो  जिन्दगी ?*
*कथैकथाले भरिभराउ*
*एक किताब हो कि ?*
*हो भने,*
*अभाव, दबाव, प्रभाव, रोदन*
*र क्रन्दनको मसी*
*नै किन चाहियो होला*
*ती लिर्लज्ज अक्षरहरूलाई ?*
*एउटा सकिएको हुँदैन*
*कुनै नयाँ घुम्ती बोकेर*
*किन आउन पर्यो होला आर्को*
*ज्यानमारा अध्यायलाई ?*

*कठै बरा पात्रहरू*
*राग र द्वेषको*
*बाक्लो हुस्सुबीच*
*दृष्टि, स्पर्श, श्रवण, स्वाद*
*र गन्धको टेको लिदै  हिँडेका*
*हुन्छन् अनजान यात्रामा,*
*किन थाहा दिदैनन्*
*गन्तव्यको ठेगाना*
*बिचराहरुलाई ?*

*कथाकार किन हुन्छ्न् यस्ता*
*कथा कता पुगेर*
*कसरी टुङ्गिने हो*
*किन भेउ लाग्न दिदैनन् कसैलाई ?*
*त्यति श्रम लगाएर जतनका साथ*
*लेख्छन् दिनरात*
*तर किन हो कुन्नि,*
*अन्तिममा पाना च्यातेर*
*नै बजारमा किन ल्याउनु पर्यो होला*
*जीवनका किताबलाई ?*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# ‘हिट स्ट्रोक’ अर्थात ‘लु’ बाट कसरी बच्ने ?



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तराईमधेशमा गर्मी बढेसँगै ‘हिट स्ट्रोक’ अर्थात ‘लु’ बाट बच्न आग्रह गरेको छ। मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले तापक्रम बढेसँगै तराईका जिल्लामा तातो हावासँगै लु चल्न सक्ने भएकाले यसबाट बच्न सबैलाई आग्रह गरेका हुन्।

नियमित भन्दा ५ डिग्री सेन्टिग्रेड तापक्रम लगातार पाँच दिनभन्दा बढी भइराख्यो भने लु लाग्ने सम्भावना रहेको प्रवक्ता अधिकारीले बताए। तराईका जिल्लामा गर्मी बढेसँगै स्वास्थ्यमा हुने एउटा प्रतिकूल अवस्थालाई नै ‘लु’ लाग्नु भनिन्छ। जस्तैः लेकमा अक्सिजनको कमीले लेक लागे जस्तै अत्याधिक गर्मीले लु लाग्छ।

लु लागेर मानिसको तत्कालै मृत्यु हुने सम्भावनासमेत रहन्छ। अत्यधिक गर्मी हुने स्थानमा गर्मी मौसममा तातो बतास चलेको हुन्छ। यस्तो समयमा मानिस हिँड्दा, काम गर्दा, खेल्दा तातो हावा तथा घामको असरले मूर्च्छा पर्ने वा बेहोस हुने हुन्छ। लु लागेमा शरीरमा तापक्रमको सन्तुलन बिग्रिन्छ। तातो हावाबाट श्वासप्रश्वासमा असर पर्ने, रक्तचाप कम हुने, शरीरबाट पिसिना ननिस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, अचेत हुने, शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुनाका साथै छाला सुक्खा, रातो र तातो हुने जस्ता समस्या देखा पर्दछन्।

## कसरी बच्ने ?

लुबाट बच्न दिउँसो घरबाट बाहिर ननिस्कन, बाहिर निस्कन परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्न, फलफूलको रस र पानी पिउन तथा धेरै पसिना आएमा जीवनजल खान स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ। यस्तै, चिसो पानीमा नुहाउन, चिया, कफी, सोडा जस्ता पेयपदार्थ नखान, खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्न, मदिरा सेवन नगर्न र चिनीको मात्रा बढी भएको झोल पदार्थ पनि नखान मन्त्रालयले भनेको छ।

लु लाग्दा हृदय गति तीव्र हुने, श्वासप्रश्वास र रक्तचाप कम हुने, शरीरबाट पसिना ननिस्किने, अप्ठयारो लाग्ने, अचेत हुने, शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी हुने, छाला सुक्खा, रातो र तातो हुने, टाउको अत्यधिक दुख्नेलगायतका समस्या देखिन सक्छ

लु वा गर्मी लागेको आशंका भएकाहरूलाई विशेष हेरचाह आवश्यक पर्छ। यस्ता बिरामीलाई छाया वा वातानुकूलित क्षेत्रमा राख्नुपर्छ। बिरामीलाई पानीले चिसो पार्ने प्रयास गर्ने, पंखाले हावा प्रदान गर्ने र तत्कालै नजिकैको स्वास्थ्य केन्द्रमा पुऱ्याउनुपर्छ। उपचारमा दुई घण्टा मात्र पनि ढिलो भए मानिसको मृत्यु हुने सम्भावना ७० प्रतिशतले रहन्छ। सामान्य सुरक्षाका उपायहरू अपनाए अत्यधिक गर्मीको नकारात्मक असरबाट बच्न सकिन्छ।

## पंखाले शरीर चिस्याउँदैन

हाम्रो मुलुकमा गर्मीबाट बच्न अधिकांश मानिसले उपयोग गरिने साधन हो विद्युतीय वा हाते पंखा। तर यस्ता पंखाले वातावरणमा एउटा निश्चित तापक्रम रहेसम्म मात्र काम गर्छ। तापक्रममा अत्यधिक वृद्धि भए यसले शरीरलाई चिसो पार्नुको सट्टा झनै तताउने चिकित्सकहरू बताउँछन्।



डब्लूएचओ र डब्लूएमओका दिशानिर्देशअनुसार विद्युतीय पंखालाई उपयुक्त रूपले उपयोग गर्दा यसले शरीरको तापसम्बन्धी तनावलाई चाहिँ कम गर्न सक्छ। तर पंखाले हावालाई चिसो बनाउँदैन। यसले घुमिरहेको हावालाई हाम्रो छालामा वाष्पीकरण बढाएर तापको दबाब भने कम गर्न सक्छ।

जब वातावरणको तापक्रम ३५ डिग्री सेन्टिग्रेड अर्थात् ९५ डिग्री फरेनहाइटभन्दा बढी हुन्छ। सापेक्षिक आर्द्रता शतप्रतिसत भन्दा बढी भए हावाको हलचलले व्यक्तिको शरीरलाई न्यानो बनाउँछ। यसैले पंखालाइ वातावरणको तापक्रम ३५ डिग्री सेन्टिग्रेडभन्दा कम भएको विशेष परिस्थितिमै उपयोग गर्नु प्रभावकारी हुन्छ।

## जोगिने उपाय

केही सामान्य र सरल प्रक्रिया अपनाएर गर्मीको कुप्रभावबाट धेरै हदसम्म हामी जोगिन सक्छौं। अमेरिकास्थित सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सिडिसी) को अनुसार गर्मी याममा हामीले आफ्नो शारीरिक गतिविधिअनुसार प्रशस्त मात्रामा गैरमदिराजन्य तरल पदार्थको उपयोग गर्नुपर्छ। यो समय हामीले तिर्खा लाग्ला अनि पानी वा अन्य तरल पदार्थ सेवन गरुँला भनेर पर्खनु हुँदैन। तर तपाईंको चिकित्सकले दैनिक उपयोग गर्ने तरल पदार्थको मात्रा निर्धारण गरेका छन् भने गर्मी याममा तरल पदार्थ सेवनबारे सल्लाह लिएर त्यसैअनुरूप गर्नुपर्छ। यसैगरी, गर्मीबाट जोगिन तरल पदार्थको नाममा मदिराजन्य वा धेरै बढी चिनी भएको तरल पदार्थसमेत सेवन गरिन्छ। तर यसो गर्नु हुँदैन। यसले तपाईंलाई फाइदा पुऱ्याउँदैन, झनै शरीरमा भएको तरल पदार्थमा कमी गराउँछ।

चिकित्सकहरूका अनुसार गर्मीबाट राहत पाउने नाममा धेरै चिसो पेय पदार्थसमेत सेवन गर्नु हुँदैन। धेरै बढी चिसो भएको पेय पदार्थले तपाईंको पेट दुख्न पनि सक्छ। यस्तो अवस्थामा सधैं आफूसँग भएको पानी वा फलको रस प्रयोग गर्नुपर्छ। तिर्खा नलाग्दा पनि यी तरल पदार्थको प्रयोग गरिरहनुपर्छ। प्रत्येक घण्टा २-४ ग्लास तरल पदार्थ सेवन गर्नु राम्रो मानिन्छ। तर चिया, कफी, सोडा, रक्सीको सेवन भने गर्नु हुन्न।

तपाईंले पर्याप्त तरल पदार्थ लिनुभएको छ/छैन, जाँच्न आफ्नो पिसाबको रंग हेर्नुपर्छ। सफा र सेतो पिसाब भए शरीरमा तरल पदार्थको मात्रा सही छ भन्ने बुझ्नुपर्छ। पहेंलो वा धमिलो भए पानी नपुगेको बुझ्नुपर्छ। यस्तो अवस्थामा पानीको मात्रा बढाउनुपर्ने डा. प्रताप नारायण बताउँछन्। सम्भव भएसम्म बढी गर्मीमा घरमै बस्नु राम्रो हो। बाहिर निस्किनु नै परेमा वातानुकूलित भएको ठाउँमा बस्नुपर्छ। आफू बस्ने ठाउँ वातानुकूलित छैन भने सहर वा विदेशमा बस्नुहुन्छ भने सपिङ मल, स्टेसन, लाइब्रेरीलगायतका वातानुकूलित ठाउँमा केही घण्टा बिताउँदा पनि हुन्छ। यसले शरीरको तापक्रम निश्चित विन्दुमा राख्न सहयोग पुग्छ।

वातावरणको तापक्रम ३५ डिग्रीभन्दा माथि छ भने हाते वा विद्युतीय पंखाले समेत काम नगर्ने हुँदा यस्तो स्थितिमा चिसो पानीले नुहाउनु फाइदाजनक हुन सक्ने सिडिसीले जनाएको छ। तपाईं रहेको ठाउँको तापक्रम अत्यधिक बढेको छ भने घरबाहिरको गतिविधिलाई बिहानदेखि साँझसम्म कम गर्नुपर्छ। यति मात्र नभएर अत्यधिक गर्मीका बेला दिनहुँ गरिने व्यायाममा समेत कमी ल्याउनुपर्छ। व्यायाम नै गर्नुपरे हरेक दुई-चार घण्टामा चिसो पानी पिउनुपर्छ। गर्मी मौसममा सम्भव भएसम्म छायादार ठाउँमा आराम गर्नुपर्छ। गर्मी बढी भएको समयमा पार्क गरिएको गाडीभित्र बस्न दिनु हुँदैन।

## जोखिममा को ?

जुनसुकै व्यक्ति जुनसुकै समयमा तापक्रमसम्बन्धी समस्याको सिकार हुन सक्छन्। तर केही खास व्यक्तिविशेष यसको जोखिममा बढी हुन्छन्। यसअन्तर्गत शिशु र स-साना बालबालिका, ६५ वर्ष नाघेकाहरू, मानसिक समस्या भएकाहरू, शारीरिक रूपले विकार भएकाहरू, मुख्य रूपले मुटुसम्बन्धी रोग र उच्च रक्तचाप भएकाहरू गर्मीबाट देखिन सक्ने शारीरिक समस्याको बढी जोखिममा हुन्छन्।

# गर्मीमा सर्वत

गर्मी मौसममा आमाबाबुले बालबालिकालाई चिसो पेय पदार्थ दिने गर्छन्। यसले बालबालिकाको स्वास्थ्यमा धेरै असर गर्छ। कोक, फेन्टालगायतका पेय पदार्थले त असर गर्छ नै, बट्टामा राखिएका फलफूलको जुसले पनि धेरै असर गर्छ भनेर प्रमाणित भइसकेको छ।

हामीले फलफूलको जुस त तागतिलो हुन्छ भनेर खान्छौं, तर त्यो कुहिएको फलफूललाई कच्याकुचुक्क बनाएर राखेको हुन्छ। बिरामी भेट्न जाँदा यो त राम्रो भनेर लिएर जान्छौं, तर त्यो कुहिएको फलफूल लिएर जाने हो। त्यस्तो खालको जुसमा ८० प्रतिशत चिनी मात्रै हुन्छ। चिनीको झोल खान हामीले धेरै पैसा तिरेका हुन्छौं। अहिले त स्कुलको खाजामा पनि यस्ता खालको जुसको विज्ञापन हुन्छ। त्यसले पनि बालबालिकाको मनोविज्ञानमा असर गरेको हुन्छ।

जुस बनाउने ड्रममा कुहिएको फलफूल भेटियो भनेर पनि कहिलेकहीँ आइरहेको हुन्छ। त्यसैले अभिभावक पनि सचेत हुनु पर्छ। कुनै हालतमा पनि राम्रो फलफूलको जुस हुँदैन। भए पनि कुहिएको फलफूलको जुस हुन्छ। त्यसैले यस्तो जुस दिनु भनेको आफ्नै छोराछोरीको स्वास्थ्यमा खेलबाड गर्नु हो।

गर्मीमा के खाने ?

बजारमा पाइने जुसको सट्टामा घरमा नै हुने दही, मही बालबालिकालाई दिनुपर्छ। आफूले पनि यस्तै खानुपर्छ। यस्तै जौको सातु र सर्वतले पनि गर्मी मौसममा धेरै फाइदा हुन्छ। यसमा पर्याप्त मात्रामा प्रोटिन हुन्छ, रेसादार पनि हुन्छ भने शरीरलाई ऊर्जा पनि दिन्छ।

ध्यान दिनुपर्ने कुराः

अहिले फलफूल पेलेर निकालिएको जुस पिउने चलन पनि बढेको छ। यसरी जुस पिउँदा पहिला नै पेलेर राखेको छ भने पिउनु हुँदैन। पेलेर जुस पिउनुभन्दा फलफूल आफैँले चपाएर खाँदा राम्रो हुन्छ। तर कहिलेकहीँ पिउँदा आफैँले वा आफ्नै अगाडि पेलेर पिउनुपर्छ। बाहिर पिएको फलफूलको जुसले झाडापखाला लाग्ने भएकाले सचेत हुनु पर्छ।



चर्को घाम, तातो हावा, हपहपी गर्मी। पसिनाले निथ्रुक्क भिजेका बेला तपाईंलाई तिर्खा लाग्छ नै। यस्तो बेला तपाईंलाई लेकको चिसो पानी घटघट पिउन मन लाग्दो हो। जमिनको मूल फुटेर निस्किएको चिसो पानीले आँतलाई कम्ता शितल बनाउँछ ?

तर, यस्तो पानी कहाँ पाउनु ? बोतलबन्द पानीले जो बजार पिटेको बेला। हुन त तिर्खा मेट्ने अनेक विकल्प छन्, सहरमा। तपाईं ‘चिसो-चिसो कुल-कुल’ कोकाकोला, फेन्टा वा यस्तै अरु पेय घुट्क्याउन सक्नुहुन्छ। तर, यी पेयले तिर्खा नमेट्ने मात्र होइन, स्वास्थ्यलाई फाइदा पनि गर्दैन। बजारमा उपलब्ध यस्ता कृतिम पेय पिउनुभन्दा आफ्नै घरमा, आफ्नै हातले बनाएको सर्वत पिउन बढी लाभदायक हुन्छ।

सर्वत बनाउन न समय लाग्छ, न श्रम। न पैसा खर्च हुन्छ, न स्वास्थ्यलाई बेफाइदा। गर्मीमा यो भन्दा सर्वोत्तम विकल्प अरु के हुनसक्छ ?

के हो सर्वत

चिकित्सकहरु भन्छन्, गर्मी याममा शरीरलाई ८० प्रतिशत पानी आवश्यक हुन्छ। गर्मीमा पसिना बढी बग्ने हुँदा पनि शरीरमा पानीको अभाव हुन्छ। तर, शरीरलाई आवश्यक पानीको मात्रा अन्य कृतिम पेयले मेट्न थालियो भने त्यसले अरु नकारात्मक असर गर्न सक्छ। किनभने यस्ता पेयलाई स्वादिलो बनाउने, लामो समय भण्डारण गर्न र आकर्षक देखाउनका लागि हानिकारक रसायनको प्रयोग गरिएको हुने विभिन्न अध्ययनहरुले देखाइसकेको छ। यसर्थ आफ्नो हातले बनाएको सर्वत नै हाम्रो लागि भरपर्दो पेय हो।

सर्वत वास्तवमा घरेलु पेय हो, जसमा आवश्यकताअनुसार गुलियो र अन्य स्वाद मिश्रण गर्न सकिन्छ। हाम्रा पितापुर्खाले सख्खरको सर्वत खाने प्रचलन नै चलाएको छ। परम्परागत हिसाबले सख्खर, चिनी, घिउ, दही मिसाएर सर्वत बनाइन्छ। यद्यपि अहिले मह, कागती, पुदिना मिश्रण गरेर पनि सर्वत बनाउन सकिन्छ। सर्वतमा स्वादअनुसार नुन र मरिच पनि मिसाउन सकिन्छ।

त्यसो त तपाईंसँग जे उपलब्ध छ, त्यसबाट मात्र पनि सर्वत बनाउन सक्नुहुन्छ। जस्तो कागती पानी। पुदिना र पानी। यसमा गुलियोको लागि मह वा सख्खर लगाउन सकिन्छ।

त्यसैगरी कुनै रसिलो मौसमी फलको पनि सर्वत बनाउन सकिन्छ। जस्तो खरबुजा। यसमा म्याग्नेसियम, सोडियम, फस्फोरस, क्याल्सियम, भिटामिन बि जस्ता पोषक तत्व पाइन्छ।



चितवनको इच्छाकामना गाउँपालिका–६ स्थित जलविरे झरनामा रमाउँदै आन्तरिक पर्यटक। गर्मी बढेसँगै झरनामा नुहाउन र पौडी खेल्न आउने पर्यटकको संख्या बढेको छ।
तस्बिरः कृष्ण आचार्य / रासस

# के हो इहीविवाह



नेवारी परम्परामा नेवाः बालिका तथा महिलामा तीन वटा अति आवश्यक संस्कार हुने गर्दछ। पहिलो संस्कार ५ देखि ११ वर्षको उमेरको बिजोर उमेरमा महिनावारी हुनुपूर्व इहीः गर्ने गरिन्छ। यस इहीः पनि एक विवाहको नै प्रक्रिया हो। यस संस्कारमा महादेवको प्रतीकको रुपमा बेललाई साक्षी राखेर सुवर्णकुमार अर्थात हिरण्यगर्भसँग बालिकाको विवाह गराइन्छ। दोस्रो संस्कारका रुपमा पहिलोपटक महिनावारी हुँदा सूर्यको प्रकाशबाट जोगाउँदै १२ दिनसम्म बन्द कोठामा राखेर बाःराः संस्कार गरिन्छ। यो संस्कार वास्तवमा विवाहयोग्य भएकी बालिकालाई शरीरमा आउने परिवर्तन तथा मासिक धर्मको सम्बन्धमा सबै जानकारी बन्द कोठामा गोप्यरुपले दिनका लागि नै सुरुवात भएको हो। यसमा परिवारका नकींले बालिकालाई विभिन्न शिक्षा दिने गर्नुपर्दछ। साथै शरीरमा आउने अचानक परिवर्तनले बालिकामा आउने डर त्रास मेटाउन नाचगान गरेर भुलाउने गरिन्छ। साथै बाःराः पासा (साथी) पनि राख्ने चलन पनि रहेको छ। तेस्रो संस्कारको रुपमा इहीःपा अर्थात वास्तविक रुपमा नै विवाह गर्ने गरिन्छ। दोस्रो तथा तेस्रो संस्कार व्यक्तिगतरुपले परिवारले गर्न गरिए पनि पहिलो संस्कार इहीः भने सामुहिक रुपमा गर्ने गरिन्छ।

# फेसबुकमा ‘को मऱ्यो हेर्नुहोस्’ भन्ने सन्देश आयो कि ?



तपाईंको फेसबुकमा सन्देश आउँछ कि, साथी वा परिचितको आइडीबाट आउँछ, ‘हेर्नुहोस् को मऱ्यो,’ धमिलो तस्बिसंग पनि आउँछ। यस्तो सन्देश आयो भने के गर्नुहुन्छ ? प्रश्नको उत्तर धेरै महत्वपूर्ण छ।
तपाईं पक्कै म्यासेज खोलेर हेर्नुहुन्छ। तर यसो नगर्नुहोस्। हाम्रो सुझाव छ कि यदि तपाईंले यस्तो सन्देश प्राप्त गर्नुभयो भने, यसलाई नहेरी हटाइदिनुहोस्। वा यसलाई रोक्नुहोस्। यो फेसबुकमा चलिरहेको ठगी हो। अस्ट्रेलियाबाट सुरु भई अहिले भारत र नेपालमा पनि यो निकै व्यक्तिकोमा पुगेको छ। मानवीय भावनासँग खेलवाड गर्ने यो ठगी के हो र यसबाट बच्न के गर्नुपर्छ, हामी बताउन चाहन्छौं

### फेसबुकमा भावनासँग खेल्ने बदमासी

साइबर ठगहरूले ठगी गर्ने तरिकाबारे जनता बाठो हुँदै गएको बुझेका छन्। ओटिपी वा ठूलो पुरस्कार पठाउने लोभले मात्रै मान्छेले भनेजस्तो काम नगर्न सक्छ। त्यसैले उनीहरुले नयाँ विकल्पहरु खोजेका छन्। जनताको मृत्युको नाममा जालसाजी गर्ने यो काम अहिले फेसबुकमा चर्चा छ। यस्तो सन्देश जसले कसैको मन पग्लिनेछ। आत्तिनेछ। इन्डिया टुडेको समाचारअनुसार फेसबुकको यो घोटाला अस्ट्रेलियाबाट सुरु भएको हो। ह्याकरहरूले फेसबुक मेसेन्जरमा मृत्यु रेखा लेखेर सन्देश पठाउँछन्।
धेरैपटक तपाईंको साथी वा फलोअर्सको नाममा सन्देश आउँछ वा कहिलेकहीँ त्यस्ता सन्देश अपरिचित नामहरूबाट पनिआउँछ। सन्देशमा ‘हेर को मऱ्यो वा अँग्रेजीमा पनि हुनसक्छ। तर तस्विर धमिलो हुनेछ। यदि तपाईं त्यो जालमा पर्नुभयो र सन्देशमा क्लिक गर्नुभयो भने, नयाँ स्क्रिन खुल्छ। यहाँ वास्तविक खेल हुन्छ।
तपाईँलाई तपाईंको फेसबुक आइडी र पासवर्ड प्रविष्ट गर्न भनिन्छ। यदि यसो गर्नुभयो भने अब के हुन्छ, भन्नु पर्दैन। तपाईंको फेसबुक ह्याक हुनेछ र त्यसपछि सबै कुरा ह्याकरको इच्छामा हुनेछ। भाग्ने एउटै बाटो छ। त्यस्ता सन्देशहरू नखोलिकन हटाउनुहोस्। यदाकदा कुनै आइडीबाट म्यासेज आयो भने ब्लक गर्नुहोस् र साथीको आइडी प्रयोग भएको छ भने त्यो साथीलाई पनि खबर गर्नुहोस्।

# गर्मीमा हेरचाह




बढ्दो गर्मीले अत्याउन थालेको छ। पहिले-पहिले बढी गर्मी हुने ठाउँ भनेर तराई-मधेशलाई चिनिन्थ्यो। तर, राजधानी र केही पहाडी भूभागमा समेत अचाक्ली गर्मी बढेको छ। विश्वमा बढ्दो तापक्रम (ग्लोबल वार्मिङ) ले गर्दा बर्सेनि गर्मी बढ्ने क्रममा छ। पोहोरको दाँजोमा यो वर्ष गर्मी धेरै महसुस हुनुको कारण पनि यही हो।
गर्मीको प्रभावबाट बच्न आहारविहार, जीवनशैलीमा सकारात्मक परिवर्तन गरे पुग्छ। गर्मी मौसममा लु लाग्नु प्रमुख समस्या हो। गर्मी र आर्द्रता बढी भएको वातावरणमा अत्यधिक काम गर्दा लु लाग्न सक्छ। हाम्रो शरीरले एउटा विशेष प्रक्रियाअन्तर्गत हाम्रो शरीरको तापक्रमलाई नियन्त्रित र सन्तुलन बनाइराख्छ। खासगरी मस्तिष्कमा भएका केन्द्रको भूमिका यसमा महत्वपूर्ण रहन्छ। छालाबाट भित्रको ताप पसिनालाई वाष्पीकरण गरी बाहिरिन्छ। विश्व स्वास्थ्य संगठन ( डब्लूएचओ) र बर्ड मेट्रोलजिकल अर्गेनाइजेसन (डब्लूएमओ) द्वारा जारी गर्मीबाट बच्नेसम्बन्धी दिशानिर्देशमा वातावरणमा तापक्रम बढ्दा शरीरको तापक्रम वृद्धि भई स्वास्थ्यमा समस्या उत्पन्न हुन सक्छ। अत्यधिक गर्मीको प्रभावले शरीरको तापक्रम सन्तुलनमा सहयोग पुऱ्याउने जैविक प्रक्रिया प्रभावित हुन पुग्छ। यसले शरीरको आन्तरिक तापक्रम बढ्न सक्छ।



यसरी बढेको तापक्रम थाहा पाउने प्रणाली थर्मोसेप्टर हो। थर्मोसेप्टरले शरीरकै हाइपोथेलमिक थर्मोरेगुलेटरी केन्द्रलाई जानकारी दिन्छ। यो केन्द्रले हाम्रो शरीरमा सामान्यभन्दा बढी भएको तापक्रमलाई कम गर्न जीउमा रगतको प्रवाह बढाउनुको साथै पसिना उत्पादन गर्न थाल्छ। यस्तो अवस्थामा शरीरको तापक्रम नियन्त्रण प्रणालीहरूले प्रतिघण्टा दुई लिटरसम्म पसिना उत्पादन गर्छ।
पसिनामा शरीरका लागि चाहिने अत्यावश्यक सोडियम र पोटासियम पाइन्छ। हाम्रो मुटु र रक्तनली प्रणालीमा यसले अतिरिक्त दबाब उत्पन्न हुन्छ। अत्यधिक गर्मीले शरीरको तापक्रम नियन्त्रण गर्ने प्रणालीमा अवरोध उत्पन्न गरी विभिन्न शारीरिक व्याधिसँगै अन्ततः मृत्युसमेत हुन सक्छ। यदि शरीरले आफूलाई ठीक ढंगले चिसो वा पर्याप्त चिसो राख्न नसके तपाईंले तापक्रमसम्बन्धी समस्यासँग जुध्नुपर्ने हुन सक्छ। यसको उपचार गरिएन भने ज्यानसमेत जोखिममा पर्न सक्ने चिकित्सक प्रताप नारायण बताउँछन्। उनी भन्छन्, ‘गर्मीजन्य समस्याबाट बच्ने सबैभन्दा राम्रो उपाय भनेकै सम्भव भएसम्म गर्मीबाट जोगिनु नै हो।’सामान्य व्यक्तिले प्रशस्त पानी सेवन गर्नु गर्मीको कुप्रभावबाट बच्ने राम्रो उपाय हो। शरीरको ऊर्जामा कम भएर र पसिना आदिको माध्यमले पानीको कमी भएर विभिन्न प्रकारको शारीरिक समस्या देखिनेछ। पानीको कमीले मृगौला, मुटुलगायतका अंगमा समेत असर गर्ने सम्भावना हुन्छ। त्यस्तै, शरीरमा पानीको मात्रा कम भएको संकेत पिसाब पहेंलो हुनु वा कम हुनु हो। सामान्य स्वस्थ व्यक्तिले गर्मीमा पानी प्रशस्त सेवन गरे पनि पिसाब रोकिए तत्कालै चिकित्सकीय सल्लाह लिनुपर्छ।

# गर्मीमा छालाको हेरचाह

> *गर्मी महिनाको चर्को घाम, पानी, धूलोधूवाँले निकै असर गर्छ। गर्मीयाममा तापक्रम बढ्ने भएकाले छालामा धेरै प्रकारका समस्या जस्तैः घमौरा, पसिना, रौँको एलर्जी, खटिरा, शरीर चिलाउने समस्या देखा पर्छ भने पसिना धेरै निस्कने भएकाले शरीरमा सुक्खापन अर्थात् डिहाइड्रेसन हुनुका साथै ‘फर्मल इन्फेक्सन।’*



मानिस आफ्नो सौन्दर्यता जोगाउन अनेकौं खर्च गर्छन्। शारीरिक व्यायाम, खानपिनमा ध्यान दिनेदेखि अनेकौं प्रकारका औषधि तथा क्रिमको प्रयोग गर्छन्। त्यसैले बजारमा मौसम र छालाको स्तरअनुसार लगाउने क्रिम अलग-अलग पाइन्छ। त्यस्ता सामग्रीको बजारमा माग हुनु व्यावसायिक तथा आर्थिक हिसाबले राम्रो पनि हो। यसले रोजगारी तथा देशको राजस्वमा वृद्धि हुनुका साथै मानिसले सुपथ मूल्यमा गुणस्तरीय सामान पाउने गर्छन्। पछिल्लो समय इन्स्टाग्राम, फेसबुक, टिकटकजस्ता विभिन्न सामाजिक सञ्जाल तथा इन्टरनेटको पहुँचले सबैलाई सुन्दर हुने इच्छा बढेको देखिन्छ। किनकि आफूलाई सुन्दर राख्ने चाहना हामी सबैमा हुन्छ। तर, समयमाथि कसैको लगाम लाग्दैन। उमेर बढ्दै जाँदा व्यक्तिको सौन्दर्यमा ह्रास आउन थाल्छ। त्यसमाथि पनि गर्मी महिनाको चर्को घाम, पानी, धूलोधूवाँले निकै असर गर्छ। गर्मीयाममा तापक्रम बढ्ने भएकाले छालामा धेरै प्रकारका समस्या जस्तैः घमौरा, पसिना, रौँको एलर्जी, खटिरा, शरीर चिलाउने समस्या देखा पर्छ भने पसिना धेरै निस्कने भएकाले शरीरमा सुक्खापन अर्थात् डिहाइड्रेसन हुनुका साथै ‘फर्मल इन्फेक्सन’ समेत हुन सक्छ र सुक्खापनको कारणले गर्दा छाला फुट्ने, चिलाउने समस्या देखा पर्छ। त्योबाहेक युभीलाइटको डेन्सिटी बढ्नाले घामको एलर्जी हुन्छ। जब पसिना निकाल्ने ग्रन्थी नै थुनिएर पसिना निस्कन पाउँदैन तब शरीरमा घमौरा आउँछ, त्यसैले कपडा लगाउँदा खुकुलो लगाउनुपर्छ ताकि पसिना सजिलै निस्कियोस्। त्यस्ता मानिसमा पनि यस्ता समस्या देखा पर्छ जो धेरै समयसम्म नुहाउँदैनन्। त्यसैले गर्मी महिनामा शरीरलाई गर्मी गराउने खानेकुरा कम खानुपर्छ भने अत्यधिक मात्रामा पानी तथा झोलिलो पदार्थ खानुपर्छ। त्यसमाथि गर्मी मौसममा घाम यति धेरै चर्कन्छ कि एकछिन बिनाछाता घाममा हिँड्नाले पनि छाला घामले डढेर रातो भई केही समयपश्चात् कालो हुनुका साथै शरीरमा खटिरा तथा एलर्जीसमेत आउने गर्छ। त्यसैले घाममा निस्कनुअघि नै छाता बोकेर हिँड्नुका साथै घामबाट जोगिन आफ्नो छालालाई उपयुक्त हुने क्रिम लगाएर मात्र हिँड्नुपर्छ।
अहिलेको समय घाम चर्किनुका साथै हावाहुरी अत्यधिक लाग्ने समय हुनाले धूवाँधूलोका कारण पनि छालालाई असर पार्छ। यस्ता समस्याको साधारण उपचार भनेको चिसो पानीमा रुमाल भिजाएर छालालाई सफा गर्नु हो, जसले पसिना निकाल्ने ग्रन्थिको प्वाल खुलाउँछ। साथै, घमौरा आएको अवस्थामा कटनको लुगा लगाउने, सरसफाइमा ध्यान दिने गर्नुपर्छ। कसैलाई धेरै आयो भने माइल्ड स्टोरोइड क्रिम, क्यालामाइन लोसन लगाउनाले पनि केही कम हुन्छ। यदि इन्फेक्सन भएमा एन्टिबायोटिक क्रिम लगाउनुपर्छ। तर, डाक्टरको सल्लाहबिना कुनै पनि क्रिम वा पाउडरको प्रयोग गर्नु हुँदैन।
चिसो पानीले नुहाउने तथा कटनको खुकुलो अनि शरीर छोप्ने लुगा लगाउनाले समस्या आउन कम हुन्छ। यस्तै लोसन, मोस्चराइजर लगाउने, फेसका लागि फेसवास, सनस्क्रिन क्रिम लगाउने, छाताको प्रयोग गर्ने गर्नुपर्छ। भिटामिन ए, भिटामिन सी, भिटामिन इ र एन्टिअक्सिडेन्ट भएका फलफूल र तरकारी खाँदा राम्रो हुन्छ भने बाहिरका खानेकुरा ‘जंकफुड’ कम खानुपर्छ। त्यसमाथि अहिले व्यस्त जीवनशैलीका कारण मानिसले तनाव एवम् थकान बढी महसुस गर्न थालेका छन्। यसले पनि छालालाई असर गरिरहेको हुन्छ। तनावको प्रत्यक्ष असर अनुहारमा देखिन्छ। त्यसैले डाक्टरको सल्लाहबिना आफूखुसी बजारमा पाइने विभिन्न प्रकारका कस्मेटिक सामग्री प्रयोग नगर्दा राम्रो हुन्छ।

# संसारी माई महापूजाको भव्य तयारी

**रासस**
**जलेश्वर**

महोत्तरीको संसारी माईमा गरिने साताव्यापी महापूजाको भव्य तयारी गरिएको छ। महापूजा नजिकिँदै गर्दा जलेश्वर नगर क्षेत्र देवी भजनले गुञ्जायमान देखिन्छ। प्रत्येक पाँच वर्षमा आयोजना हुने देवी संसारी माईको महापूजाको तयारीले जलेश्वर नगरको चहलपहल बढेको छ।
यही शुक्रवार (जेठ १९ गते) देखि विधिवत् महापूजाको विधि थालिने संसारी माई महापूजा व्यवस्थापन समितिले जनाएको छ। आउने शुक्रवारका दिन महापूजा सङ्कल्प सम्पन्न गरिएसँगै ग्रामदेवताको आराधना, पाञ्चायन देवीदेवताको पूजनसँगै श्रीमद्भागवत गीता र चण्डी पाठ सुरु गरिने समितिका अध्यक्ष अशोककुमार साहले जानकारी दिए।
यसैबिच जलेश्वर नगरपालिका र नगरभित्रका विभिन्न सामाजिक सङ्घ संस्थाहरूको समन्वयमा दैनिक सरसफाइ, महापूजा स्थलको व्यवस्थापन, श्रद्धालुहरूको बसोबास व्यवस्थापन र नगरभित्र ठाउँ ठाउँमा खानेपानी र शौचालय सुविधा बढाउने काम भइरहेको समितिले जनाएको छ।
महापूजाको तयारीमा जलेश्वर नगरका प्रत्येक घरघरका सदस्य परिचालित गरिएको छ। सुख, समृद्धिकी प्रतीक, विघ्नहारिणी, पापनाशक र नगर संरक्षक मानिने देवी संसारी माईको पाँच/पाँच वर्षमा हुने महापूजा गर्ने गरिन्छ। पूजा यही जेठ २६ गते शुक्रवार असार कृष्ण षष्ठी तिथिका दिन समाप्त गरिनेछ।परापूर्व कालमा विदेहराज जनकको राज्यकालदेखि नै संसारी माईलाई सहकालकी देवीका रूपमा मानिँदै आइएको जलेश्वर नगरबासी बताउँछन्। देवाधिदेव श्री जलेश्वरनाथ महादेव मन्दिरको सम्मुख वरुण सर (सरोवर, तलाउ) डिलमा




संसारी माईको मन्दिर छ। संसारी माई देवी दुर्गाकी अवतार र प्रसिद्ध शक्तिपिठका रूपमा वर्णित र पूजित रहेकी जिल्ला समन्वय समिति महोत्तरीका पूर्वप्रमुख जलेश्वर-८ का बासिन्दा सुरेशप्रसाद सिंह बताउँछन्।
महापूजाको अवसरमा देवी संसारी माईको दर्शन र पूजा आराधनामा सरिक हुन आउने श्रद्धालुबाहेक प्रसाद ग्रहणका लागि घरघरैबाट निम्त्याइने पाहुनाहरूको जमघट निकै बढ्ने समितिका अध्यक्ष साह बताउँछन्। ‘महापूजाको प्रसाद ग्रहणका लागि घरघरैबाट आफन्त डाकिन थालेका छन् , हेर्नुहोला, १०/२० पाहुना नभएका जलेश्वरमा कुनै घर हुने छैनन्’ अध्यक्ष साह भन्छन्, ‘यसअघि २०७५ वैशाखमा भएको महापूजामै सात लाख श्रद्धालु आएका अनुमान गरिएको थियो, यसपालि यो सङ्ख्या बढ्नेछ।’महापूजाको तयारीमा नगरभरि धमाधम स्वागत द्वार, पण्डाल निर्माणदेखि रङ्गी विरङ्गी धजा गाडिँदै छन्। सीमापारि भारतका मधुवनी र सीतामढी जिल्लासँगको जलेश्वर नगरको सीमा छुट्टिने दशगजा वारी भारतीय पाहुनालाई स्वागत गरिन तोरण टाँगिँदै छन्। महापूजा उत्सवमा लाखौँ भारतीय सहभागी हुने तयारीमा रहेका सूचना पाइरहिएको महापूजा व्यवस्थापन समितिले जनाएको छ।
धेरै अघि १२/१२ र त्यसपछि सात/सात वर्षमा हुँदै आएको महापूजा पछिल्ला केही दशकयता पाँच/पाँच वर्षमा आयोजना हुँदै आएको छ। समाजमा चाँडो चाँडो अनिष्ट हुन थालेपछि त्यसको निवारणका लागि संसारी माईको महापूजा पाँच/पाँच वर्षमा आइपुगेको जलेश्वर-१ का सामाजिक कार्यकर्ता ७० वर्षीय सुधीर साह बताउँछन्।
संसारी माईको महापूजालाई यहाँका नागरिकले विशेष नगर उत्सवको रूपमा लिँदै आएका छन्। जलेश्वर नगरप्रमुख सुरेश साह भन्छन्, ‘महापूजा नगरको विशिष्ट अवसर हो र खास पर्व पनि। हामी यसलाई भव्य, शालीन र भक्तिमय बनाउन लागिपरेका छौँ।’
संसारी माईको साताव्यापी महापूजाको अन्तिम दिन विशेष तान्त्रिक विधिले माईको आह्वान गरेर पञ्चवलिबाट आराधना गरिन्छ। यस अवसरमा नगरका प्राय घरबाट पशुवलि (बोका) दिइन्छ। पाँच वर्ष बिचमा (एक अर्को महापूजाबिचको अवधि) मा घरमा सम्पन्न भएका विवाह, जन्म र अन्य शुभ कार्यको भाग अलग्गै बलि दिनुपर्ने सांस्कृतिक मान्यता रहँदै आएको छ।
महापूजा आस्थासँग जोडिएको पक्ष भए पनि यससँगै जोडेर दिइने पशुवलिको परम्परा भने परिमार्जित गरिनुपर्ने पशुअधिकारकर्मीले बताउन थालेका छन्। पशुवलिको साटो नरिवल,फलफूल र शृङ्गारिक सामग्री चढाएर देवीको भक्ति भाव गर्न सकिने पशुअधिकारकर्मीहरुको सुझाव छ।
पूजामा आउने भक्तजनका लागि नागरिक सहायता कक्षको व्यवस्थापन गरिएको छ। शान्ति सुरक्षा, खानेपानीको व्यबस्थापन, हराएको व्यक्तिको खोजबिनमा सहयोग, मेला, प्रवचन, बजार, ट्राफिक नियन्त्रण, प्राथमिक उपचार, निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुने व्यवस्थापनले जनाएको छ। पूजामा मदिरा बिक्रिवितरणमा नियन्त्रण समेत गरिनेछ।

# नीति तथा कार्यक्रमका लागि सुझाव संकलन




**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाम उपमहानगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटका लागि सुझाव संकलन गर्ने भएको छ। उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष ०८०/८१ को नीति, कार्यक्रम र बजेटका लागि सुझाव संकलन थालेको हो ।उपमहानगरपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट आगामी असार १० गतेभित्र नगरसभामा पेस गरिसक्नुपर्ने जनाइएको छ।

नीति तथा कार्यक्रम निर्माण अघि सर्वसाधारणको रायसुझाव संकलन थालिएको जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले जनाएका छन्।

नीति तथा कार्यक्रम एवं बजेटलाई स्थानीय आवश्यकता अनुसार प्रभावकारी बनाउन सुझाव माग गरिएको उनले बताए।

उपमहानगरपालिकाको प्राथमिकताका विषय पहिचानमा सहजता, जनताको चाहना र भावना बुझ्दै बजेटलाई यथार्थपरक बनाउन रायसुझाव माग गरिएको उनले बताए।

जेठ २० गते शनिबारसम्म उपमहानगरपालिकामा रायसल्लाह सुझाव पेस गर्न पालिकाले सार्वजनिक सूचना जारी गरेको छ।

जनकपुरधाम उपमहानगरपालिकाले कृषि उत्पादन वृद्धि गरी स्वरोजगार सिर्जना गर्ने, गुणस्तरीय शिक्षा कायम गर्ने, भौतिक पूर्वाधारलाई पहुँच र गुणस्तर कायम गर्ने गरी पालिको रायसुझाव माग गरेको ति तथा कार्यक्रम आवश्यक पर्ने हो सोही अनुसार सुझाव माग गरिएको उपमेयर किशोरी साहले बताए।

उपमेयर साहले भने, 'पालिकाले मुख्यगरी आर्थिक क्रियाकलापमा जनतालाई जोड्ने, शिक्षा र स्वास्थ्यको गुणस्तर वृद्धि गर्ने जस्ता विषयलाई प्राथमिकता दिने लक्ष्य छ', उनले भने, 'यसैलाई आधार मानी आगामी आर्थिक वर्षको नीति ,कार्यक्रम र बजेटमा राय सुझाव माग गरेका छौं।'

आगामी आर्थिक वर्षको नीति ,कार्यक्रम र बजेटमा मुख्य गरि रोजगार सृजन गर्ने खालका विषयलाई जनकपुरधाम उपमहानगरपालिकाले प्राथमिकता दिन लागिएको प्रमुख प्रशासकीय अधिकृत रत्नेश शशीले बताए । उनले आगामी बजेटमा आर्थिक क्रियाकलापमा नागरिकलाई जोड्दै विकास निर्माणका कामलाईसमेत अघि बढाउने विषय प्राथमिकतामा पर्ने उनले बताए।

उपमहानगरपालिकाले पूर्वाधार ( सडक/ढल, भवन लगायत पूर्वाधार) मर्मत, सम्भार तथा निर्माण, सामाजिक सुरक्षा, बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति, आन्तरिक राजस्व दर र दायरा, कला, साहित्य, संगीत, संस्कृतिक, पर्यटन, पूर्वाधार र प्रवर्धन, शैक्षिक क्रियाकलाप र शैक्षिक गुणस्तर वृद्धि, स्वास्थ्य क्षेत्र र आधारभूत स्वास्थ्य सेवा, कृषि, पशुपंछी, उद्यमशिलता, युवा तथा रोजगार, कानून, न्यायिक प्रणाली, न्याय प्रशासन, मेलमिलाप, इजलास (प्रमूख-उपप्रमूख न्यायिक) र असल शासन र कुशल प्रशासनलगायतको नीति निर्माणका लागि नगरबासीसँग राय सुझाब माग गरेको उपमेयर साहले स्पष्ट पारे।

# प्रहरी गस्ती हुने ठाउँबाट ट्रैक्टर चोरी




**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाममा चोरी घटनामा वृद्धि भएसँगै चोरहरु पनि दिनहुँ पक्राउ परिरहेका छन्।

धनुषा प्रहरीले चोर समात्न अभियान नै चलाएको छ। तर चोरीको घटनामा भने कमी आउन सकेको छैन।

पछिल्लो पटक प्रहरी चौकी छेउमै राखिएको ट्रैक्टर चोरी भएको घटना सार्वजनिक भएको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ११ स्थित मिल्स चोकमा रहँदै आएको प्रहरी गस्ती टोलीभन्दा मात्र १ सय ५० मिटरको दुरीमा ट्रैक्टर चोरी भएको हो।

बिहीबार राति १ बजे श्री राम इन्टरप्राइजको नाममा लिएको ट्रैक्टर सरोजकुमार साहको घर नजिकै ट्रैक्टर चोरी भएको छ।

प्रदेश २-०२-००१त २१३३ नम्बरको सोनालिका ट्रैक्टर उनले घर नजिकै पार्क गरी राखेका थिए।




# कानुन निर्माणमा गति कार्यान्वयनमा गतिरोध

> *'अघिल्लो पटक ५५ वटा ऐन बने । अहिले पनि छोटो अवधिमै आठभन्दा बढी ऐनको मस्यौदा बनेर कतिपय संसदमै गइसकेका छन् । यो हिसाबले ऐन कानुन बनाउन पर्याप्त ध्यान दिइएको छ,' ठाकुरले भने, 'तर कार्यान्वियन गर्ने संयन्त्रहरु नहुँदा समस्या छ । ६१ लाख जनताका लागि सङ्घले दिएको कर्मचारी कति हो ? प्रदेश मुख्य न्यायाधिवक्ता कार्यालयलाई सङ्घले दिएको चार/पाँच जना कर्मचारीमध्ये पनि कतिबेला सरुवा हुन्छ र अर्को कहिले आउँछ भन्नेबारे मलाई नै थाहा हुँदैन । प्रदेश सरकारका अन्य निकायको अवस्था पनि यो भन्दा फरक छैन ।'*

**टीकाराम सुनार**
**जनकपुरधाम ।**

'यो संविधान र अन्य कानुनको अधिनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहनेछ' नेपालको संविधानको भाग १३ को धारा १६२ को उपधारा २ मा भएको व्यवस्था हो यो ।

यही व्यवस्थाअनुरुप अरु प्रदेशमा जस्तै मधेशमा पनि कार्यकारी अधिकार प्रयोग गर्ने सरकार र विधायिकी शक्तिका रुपमा प्रदेशसभा छ । विसं २०७४ माघ २१ गते बसेको मधेशप्रदेशसभाको पहिलो कार्यकालको पहिलो बैठकदेखि २०७९ असार ३२ गते अन्तिम अधिवेशनसम्म ५५ वटा ऐन बनाइयो । दोस्रो कार्यकालको पहिलो बैठक २०७९ पुष १८ गते शुभारम्भ भएसँगै पुराना कानुनमा सुधार, संशोधन तथा नयाँ कानुन



निर्माणको काम पनि सुरु भइसकेको छ ।

मुख्यमन्त्री सरोजकुमार यादवले शासन सञ्चालनका लागि अत्यावश्यक अधिकांश ऐन बनाइए पनि सङ्घीय सरकारको अनिच्छाका कारण महत्वपूर्ण ऐन नै कार्यान्वयनमा गतिरोध उत्पन्न भएको बताए । उनले मधेश प्रदेशकै त्याग र बलिदानीले आएको सङ्घीयताको संस्थागत विकासका लागि अग्रमोर्चामा रहेर काम गर्ने ध्येयअनुसार प्रदेश सरकार अगाडि बढे पनि सङ्घले अधिकार फुकुवा र संयोजन नगरिदिँदा कार्यसम्पादनमा जटिलता रहेको धारणा राखे । 'मधेशकै जोडबलमा स्थापित सङ्घीयताको व्यावहारिक अभ्यासका लागि शासन सञ्चालनसँग जोडिएका ऐन, कानुन मात्रै होइन, सङ्घीयतालाई जनताको जीवनसँग जोड्न दलित, महिला, बालबालिका, युवाको सशक्तीकरण तथा सुशासनका लागि जनलोकपाल कानुन पनि तर्जुमा गर्‍यौँ तर महत्वपूर्ण ऐन कार्यान्वयनका लागि त केन्द्रकै मुख ताक्नु परिरहेको छ,' उनले भने ।

शासनका लाभको वितरण गर्ने मुख्य भूमिकामा रहेका कर्मचारी प्रशासन, जनतासँग दैनिक जोडिने र शान्ति सुव्यवस्था प्रदान गर्ने दायित्व बोकेका प्रहरी अर्थात सुरक्षा अङ्गहरु मातहतमा नहुँदा प्रदेश सरकारको अनुभूति गराउन अनेक चुनौतीको सामना गर्नुपरेको मुख्मन्त्री यादवको भनाइ छ । 'प्रदेश सरकारले जनतालाई विकास मात्रै होइन, न्याय पनि दिनु छ तर केन्द्र सरकारले अधिकार फुकुवा र संयोजन नगरेपछि हामीले कसरी काम गर्ने ?', यादवले प्रश्न गर्नुभयो, 'प्रदेशसँग कानुन छ तर कार्यान्वयनका लागि सङ्घ सरकारको निर्णय र कानुन कुर्नुपर्छ । सङ्घले तत्काल बनाउनुपर्ने ( प्रहरी, प्रशासनलगायत) कानुन वर्षौंसम्म अड्काएर राखेको छ । यो दुर्भाग्यपूर्ण छ ।'

सङ्घ र प्रदेशबीच क्षेत्राधिकारका सम्बन्धमा पनि विवादकै कारण यहाँको सरकारले नेपाल सरकारविरुद्ध सर्वोच्च अदालतमा विभिन्न छ वटा मुद्दा/रिट दायर गरेको पनि वर्षौं भइसक्यो । प्रहरी, प्रशासन (कर्मचारी) कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय, वन व्यवस्थापन र अन्य क्षेत्राधिकारमा केन्द्र सरकारको हस्तक्षेपविरुद्ध छ वटा मुद्दा सर्वोच्च अदालतमा चलिरहेका मुख्य न्यायाधिवक्ता कार्यालयअन्तर्गत सर्वोच्च अदालत हेर्ने अख्तियारवाला अधिवक्ता रक्षा रामले जानकारी दिए ।

संविधानले प्रदेशलाई एकल तथा सङ्घ र प्रदेशका संयुक्त अधिकार दिएको छ । संविधानको अनुसूची-६ मा प्रदेशका लागि २१ वटा एकल, अनुसूची-७ मा सङ्घ र प्रदेशबीचका २५ वटा साझा अधिकार र अनुसूची–९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ साझा अधिकार छन् । एकल अधिकार प्रयोग गर्न कतिपय कानुन कार्यान्वयनका लागि केन्द्र सरकारले गाँठो फुकाउनुपर्ने छ भने संयुक्त अधिकारका सवालमा त झन् त्रिपक्षीय समन्वय अनिवार्य छ ।



मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता विरेन्द्र ठाकुरले मधेशप्रदेशमा पर्याप्त ऐन कानुन बनेको तर तिनको कार्यान्वयन संयन्त्र नहुँदा समस्या भइरहेको धारणा राखे । सङ्घले शासन गर्ने नभई सेवकका रुपमा संरचना बनाउन तयार भएको दिन धेरै समस्या हल हुने उनको दाबी छ । 'अघिल्लो पटक ५५ वटा ऐन बने । अहिले पनि छोटो अवधिमै आठभन्दा बढी ऐनको मस्यौदा बनेर कतिपय संसदमै गइसकेका छन् । यो हिसाबले ऐन कानुन बनाउन पर्याप्त ध्यान दिइएको छ,' ठाकुरले भने, 'तर कार्यान्वयन गर्ने संयन्त्रहरु नहुँदा समस्या छ । ६१ लाख जनताका लागि सङ्घले दिएको कर्मचारी कति हो ? प्रदेश मुख्य न्यायाधिवक्ता कार्यालयलाई सङ्घले दिएको चार/पाँच जना कर्मचारीमध्ये पनि कतिबेला सरुवा हुन्छ र अर्को कहिले आउँछ भन्नेबारे मलाई नै थाहा हुँदैन । प्रदेश सरकारका अन्य निकायको अवस्था पनि यो भन्दा फरक छैन ।'



प्रदेशसभा सदस्य रामआषिश यादवले संविधानको भावनानुसार शासन र प्रशासन सञ्चालनका लागि आवश्यक कानुन निर्माण गर्न प्रदेशले सुरुदेखि नै तदारुकता देखाए पनि कार्यान्वयनका हरेक चरणमा सङ्घ सरकार जोडिने भएकाले जटिलता रहेको बताए । 'कानुन निर्माण मात्रै होइन, मधेशप्रदेशसभा, यहाँको सरकारले बारम्बार सङ्घीयता कार्यान्वयनमा गम्भीर बन्न सङ्घ सरकारलाई दबाब दिने काम गरिनै रहेको छ । ध्यानाकर्षणका लागि आन्दोलन र अनसन पनि भएका छन् । सर्वोच्च अदालतमा मुद्दा छन् तर पनि संविधानले दिएको अधिकार दिन कञ्जुस्याई भएको छ,' उनले भने ।



मधेशप्रदेशका निवर्तमान मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाले पनि सामाजिक रुपान्तरण, जनसङ्ख्याको आधारमा समान सहभागिता, लैङ्गिक समानता र सुशासन प्रवर्द्धनका लागि जनलोकपाल विधेयक बनाएर प्रदेशले एक कदम अगाडि रहेको प्रमाणित गरिसकेको बताए । 'कानुन बनेका छन् तर कार्यान्वयनका सन्दर्भमा जटिलता छ । अहिलेको सरकारले त्यसलाई गम्भीरतापूर्वक लिई काम गर्नुपर्छ,' झाले भने, 'पहिलो कार्यकाल ऐन कानुन बनाउनुपर्ने दायित्वसहित सुरु भएको थियो, त्यो दायित्व हामीले पूरा गर्‍यौँ । अहिले दोस्रो कार्यकाल सुरु भएको छ। अब ती ऐन कानुन कार्यान्वयन गर्न गम्भीर बन्नुपर्छ ।'

सभामुख रामचन्द्र मण्डलले सङ्घात्मक संरचनामा जाँदा कानूनी, व्यवहारगत र अधिकारको



विकेन्द्रीकरणका सन्दर्भमा समस्या भए पनि आपसी विश्वास, समन्वय र समझदारीका साथ अगाडि बढ्नुको विकल्प नभएको बताए । प्रदेशले बनाएका ऐन, कानूनहरु किताबमै थन्किएको र कतिपय व्यवस्थाहरु कार्यान्वयनका लागि अन्तरसङ्घर्ष जारी रहेको भन्दै सभामुख मण्डलले सङ्घीयता कार्यान्वयनका लागि सुझबुझका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए । उनले भने, 'सङ्घीय स्वरुप र अभ्यास नै नेपालका लागि नयाँ विषय भएकाले सङ्घर्ष, विरोधाभास र अन्तरविरोधहरु छन् । प्रदेशले अधिकारको अधिकतम् प्रयोग गर्न खोज्ने तर सङ्घ एकाधिकारकै मानसिकतामा रहँदा कतिपय जटिलता छन् तर हामीले सम्हालिँदै अगाडि बढ्नुपर्ने छ । सुरुका १५ वर्षसम्म छिमेकी भारतमा पनि त्यहाँका जनताले कसले शासन गरिरहेको छ भन्ने थाहा पाउन सकेनन् । अहिले त्यहाँ बलियो प्रदेश संरचना छ । हामी पनि त्यही चरणमा छौं, सिक्दै, सुधार्दै जानुपर्छ ।'



प्रदेशसभा सचिव रञ्जितकुमार यादवले अघिल्लो कार्यकालमा संसदमा ६२ वटा विधेयक सचिवालयमा दर्ता भएकामा ६१ वटा सदनमा पेश भई ५५ ऐनको रुपमा आएको र छ वटा विधेयक प्रदेशसभाको कार्यकाल सकिएसँगै निस्क्रिय भएको जानकारी दिए । अधिकांश मन्त्रालय र मातहतका निकायमा पर्याप्त कर्मचारी नहुने, भएका कर्मचारी पनि छोटो समयमै सरुवा हुने र मन्त्रालयको नाम तथा क्षेत्राधिकारसमेत फेरिरहने कारणले केही जटिलता छन् ।

यसअघि कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय केही हप्ताअघि मात्रै गृह तथा सञ्चारमा गाभिएर गृह, सञ्चार तथा कानुन मन्त्रालय बनेको छ । कानुन मन्त्रालय हुँदा निमित्त सचिवसमेत रहिसकेका उपसचिव उत्तमप्रसाद खरेलले हालसम्म ५५ वटा ऐन बने पनि आठ वटा मात्रै नियम बनेको जानकारी दिए । उनले नियमावली बनेपछि मात्रै कतिपय ऐन कार्यान्वयन हुने भन्दै सम्बन्धित मन्त्रालयले नै आफूसँग सम्बन्धित ऐन तथा नियमावली बनाउन पहल गर्ने बताए ।

प्रदेशसँग ५५ वटा ऐन र आठ वटा नियमावली छन् । ऐन कार्यान्वयनका लागि बनाउनुपर्ने नियमहरु कतिवटा हो भन्ने विषयमा कुनै अध्ययन भएको छैन । प्रदेश मातहतका निकायहरुले दैनिक कार्यसञ्चालनका लागि बनाउनुपर्ने मापदण्ड, कार्यविधि, निर्देशिकाहरुको अवस्थाका बारेमा पनि कुनै निकायसँग एकीकृत जानकारी छैन । मुख्ममन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आफूसँग सम्बन्धित १५ वटा यस्ता दस्तावेजको मात्रै तथ्याङ्क छ । विभिन्न मन्त्रालय तथा आयोगमा समेत गरी ६० भन्दा बढी कार्यविधि, निर्देशिका र मापदण्डहरु हुनसक्ने अनुमान छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता एवं उपसचिव विपिनकुमार ठाकुरले पनि एकीकृत तथ्याङ्क नभए पनि शिक्षा तथा समाजकल्याण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्यालगायत मन्त्रालय र निकायहरुले कार्यविधि, निर्देशिका र मापदण्ड बनाएर अत्यावश्यक कार्यसञ्चालन गरिरहेका जानकारी दिए । कानुन निर्माणदेखि त्यसको कार्यान्वयनसम्मका हरेक चरणमा सङ्घ र प्रदेशबीच समन्वय हुनुपर्ने हो । नेपालको संविधान (धारा २३२) ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । सङ्घीयता कार्यान्वयनका लागि व्यवहारमै नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत अन्तरसम्बन्ध जरुरी छ तर अहिलेसम्म सोअनुसार नहुँदा कार्यसम्पादनमा चुनौती थपिनुका साथै सङ्घीयताको अस्तित्वमाथि प्रश्नचिह्न खडा गर्नेलाई सघाउ पुगिरहेको धेरैको बुझाइ छ ।



**स्वागत संस्कृतिः**
भारत भ्रमणक्रममा विशेष विमानमार्फत शुक्रबार मध्यप्रदेशको इन्दोर पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को स्वागतमा प्रस्तुत गरिएको सांस्कृतिक झाँकी। तस्बिरः रासस

# तीन करोड पारिश्रमिक

काठमाडौं।
सिनेमेटोग्राफर मार्क ली पिङ बिङले चलचित्र 'डाकिनी' खिचे। नेपाल आएर उनले पाटन र पनौतीमा 'डाकिनी' खिचेका थिए। सिनेमाका केही सिन पशुपति र अन्य ठाउँमा पनि छ। यो चलचित्र विश्वका विभिन्न फेष्टिभल हुँदै अहिले नेपाल आइपुगेको छ। आम नेपाली दर्शकको टेष्ट बाहिरको सिनेमा भन्दै यसका निर्माताले 'डाकिनी'को सीमित रिलिज गरे। यो चलचित्रको सिनेमेटोग्राफी, कलर र साउण्डको खुलेर तारिफ भइरहेको छ। पाटन र पनौतीको सिनमा मार्कलीले आफ्नो सिनेमेटोग्राफीको अब्बल कला देखाएका छन्। के मार्क लीलाई पुनः नेपाली सिनेमा खिच्न बोलाउन सकिँदैन ?'हामीले उहाँसँग यस विषयमा कुरा गरेका छौँ। उहाँले राम्रो स्टोरी भयो भने म जसरी पनि आउँछु भन्नु भएको छ,' 'डाकिनी' निर्माता म्याक्स (दीपेश खत्री) भन्छन्, 'हामीले राम्रो स्टोरी दिन सक्यौं भने उहाँ पक्कै पनि आउनु हुन्छ।' तर, यसका लागि पहिला आफैँलाई सिनेमाको स्टोरी चित्त बुझ्नु पर्ने र त्यसपछि मात्रै प्रस्ताव गर्न सकिने उनको भनाइ छ। 'कलात्मक हिसावले उहाँ कति अब्बल सिनेमेटोग्राफर हो, त्यो त डाकिनी र उहाँका सिनेमा हेर्नेलाई थाहै छ। तर, व्यक्तिगत हिसावले उहाँ सरल र सहज मान्छे हो,' म्याक्स भन्छन्।

## 'डाकिनी' नेपालकै महँगो चलचित्र ?

मार्कलीलाई बोलाउँदा आर्टिस्टिक



मुभीका लागि मात्रै बोलाउने म्याक्स बताउँछन्। 'उहाँलाई डोल्पा, हुम्ला, रारा, मुस्ताङ, ढोरपाटनजस्ता क्षेत्रमा सिनेमा खिचाउन सक्ने हो भने सिंगो नेपाल साँच्चै सिनेमा छायांकनका लागि स्टुडियो हो भनेर विश्वलाई देखाउन सकिन्थ्यो,' म्याक्स भन्छन्, 'तर, उहाँलाई कसरी पे गर्ने भन्ने मुख्य कुरा हो। डाकिनीमा त निर्देशक खिन्से नोर्बु (जोङसार खिन्से रिम्पोछे)सँगको सम्बन्धका कारण पारिश्रमिकको विषय सहज थियो। यसमा क्राउड फण्डिङबाट लगानी गरिएका कारण उहाँलाई पारिश्रमिक दिन सहज भएको थियो। उहाँलाई जसले जसरी प्रस्ताव गरियो, त्यसले सहज भएको थियो।' 'डाकिनी'मा मार्क लीले तीन करोड रुपैयाँ लिएका थिए। त्यो पनि उनको यो पारिश्रमिक होइन। उनलाई तीन करोड पकेटमनी जस्तो मात्रै दिएको यसको निर्माण पक्षले यसअघि नै बताइसकेको छ। 'हामी मार्कलीलाई पारिश्रमिक दिएर ल्याउन सक्तैनौं। व्यापारिक प्रयोजन नभएर डाकिनीजस्तै आर्टिस्टिक मुभी बनाउने अवस्थामा बोलाउन सकिएला,' म्याक्स भन्छन्, 'हामी करोडौं रुपैयाँ पारिश्रमिक दिनसक्ने अवस्थामा छैनौं। २०/३० लाख रुपैयाँसम्म रिस्क लिन सक्छौं। तर, करोडौं रुपैयाँ सिनेमेटोग्राफीमा मात्रै खर्च गर्नसक्ने अवस्था हाम्रो छैन।'

## 'डाकिनी'मा तीन करोड पारिश्रमिक लिने सिनेमेटोग्राफर मार्क ली को हुन् ?

डोल्पा, रारा, मुस्ताङजस्ता ठाउँमा जानबित्तिकै बजेट महंगो हुने तथ्यलाई पनि नजरअन्दाज गर्न नहुनेमा उनको जोड छ। मार्क ली र उनको टिमलाई उनको स्ट्यान्डर्डमा राख्नुपर्दा त्यो नै नेपाली मेकरका लागि महंगो हुने उनको भनाइ छ। तर, मार्कलीको काम देखेर म्याक्सलाई अझै लोभ लागिरहेको छ। 'डाकिनी'को छायांकन बिहान झिसमिसेमा पनौतीमा थियो। 'यो फिल्म हेरका दर्शकले याद गरेको पनि हुनुपर्छ, जहाँ क्यारेक्टरले काम गर्दैन मार्क लीको सिनेमेटोग्राफीले काम गरेको छ। जहाँ क्यारेक्टरले काम गर्न सुरु गर्छ, उहाँले आफ्नो काम रोकिदनु भएको छ,' म्याक्स भन्छन्, 'मार्कलीलाई ल्याएर डोल्पा, रारा लगेर सिनेमा खिच्न सक्ने हो भने त जादु हुन्थ्यो। तर, हामी उहाँलाई कसरी बोलाउन सक्छौं भन्ने महत्वपूर्ण कुरा हो। डाकिनीमा हामीले चिया खर्च भनेर तीन करोड रुपैयाँ दियौँ, यसपटक चिया मात्रै ख्वाउँछौं भन्नु पर्ला ( हाँस्दै)।'ताइवानी सिनेमेटोग्राफर मार्क ली विश्वकै उत्कृष्ट सिनेमेटोग्राफर मध्येका एक हुन्। उनले २१ अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरिसकेका छन्। मार्क लीले सन् २००० मा वङ कर वाइको फिल्म 'इन द मुड फर लभ'का लागि कान्स फिल्म फेस्टिभलको ग्रान्ड टेक्निकल प्राइज पाएका थिए। 'इन द मुड फर लभ'सहित 'द असासियन', 'रेनोयर', 'नर्वेजियन उड', 'फ्लाइट अफ रेड बलुन'लगायत उनले खिचेका चर्चित सिनेमा हुन्। एभोकाडोजस्तो 'डाकिनी', सुरुमा कस्तो-कस्तो पछि मिठो ! मार्क ली एकेडेमी अफ मोसन पिक्चर एन्ड साइन्सेज (ओस्कर अवार्ड)का सदस्यसमेत हुन्।

# 'चलचित्रलाई उचित सम्बोधन भएन'

**रासस**
**काठमाडौँ।**
चलचित्र विकास बोर्डले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा नेपाली चलचित्रलाई उचित सम्बोधन नगरिएकामा चिन्ता व्यक्त गरेको छ। बोर्डका अध्यक्ष भुवन केसीले बोर्डले पठाएको माग ओझेलमा परेको बताए। 'बोर्डले विज्ञ र सम्बन्धित संस्थाहरुसँग छलफल गरी बजेट प्रस्ताव गरेको तर बजेट विनियोजन भएन,' उनले भने।

चलचित्रको प्रवर्द्धनका लागि स्टुडियो बनाउने सकारात्मक रहेता पनि विदेशी चलचित्र आयात गर्नेमा पाँच प्रतिशत कर लगाउनुपर्नेमा एक प्रतिशत मात्रै लगाउने नीति लिएकोप्रति आफू पनि सन्तुष्ट नरहेको बताए।

उनले भने, 'एउटा स्टुडियो पनि नभएको अवस्थामा दुईवटा स्टुडियो बन्ने कुराले हर्षित छौं। चलचित्रसम्बन्धी आवश्यक कुरा मन्त्रालयमा बढाएका छौं।'




# 'राउडी राठौड २' मा हुन्नन् अक्षय कुमार

अनीस बज़्मी 'राउडी राठौड़ २' बनाउने क्रममा छन्। यसपटक भने सिक्वलमा अक्षय कुमार र सोनाक्षी सिन्हा नहुने चर्चाले भारतीय सिनेबजार गर्माएको छ। उनीहरुका ठाउँमा सिद्धार्थ मल्होत्रा र कियारा आडवाणीलाई लिइने बुझिइएको छ। राउडी राठौड प्रभु देवा निर्देशित र सञ्जय लीला भन्सालीद्वारा निर्मित चलचित्र हो। सिक्वलमा भने प्रभुका ठाउँमा अनीस बज्मी नै रहने भएका छन्। 'राउडी राठौड २' अनीस बज़्मीले बनाउने भएका छन्। आउँदो अगस्टदेखि सुटिङ हुने भएको छ।



# हिन्दीमा पनि 'परस्त्री'




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली चलचित्र विदेशी भाषामा स्वराङ्कन भएर प्रदर्शन हुने क्रम बढेको छ। अघिल्लोवर्ष 'प्रेम गीत ३' को प्रदर्शन हिन्दी भाषामा भएसँगै अन्य निर्माताले छिमेकी राष्ट्र भारतमा नेपाली चलचित्रको बजार विस्तारको प्रयास गरिरहेका छन्।

अभिनेता हुँदै निर्देशक बनेका सुरज पाण्डेले आफ्नो पहिलो निर्देशकीय चलचित्र 'परस्त्री' को प्रदर्शन हिन्दी भाषामा गरिने जानकारी दिए।

चलचित्रका लेखक तथा निर्माता दीपेन्द्र के खनालले हिन्दी भाषामा नेपाल प्रदर्शन गर्ने वा नगर्ने विषय तय नभएको जानकारी दिए।

असार १५ गतेदेखि प्रदर्शनमा आउने चलचित्रमा कलाकार कोसिस क्षेत्री, शिल्पा मास्के, गौरव विष्ट, अलिसा क्षेत्री, आशान्त शर्माले अभिनय गरेका छन्।

विवाहेत्तर सम्बन्धले निम्त्याउने पारिवारिक र सामाजिक सङ्कट कथावस्तुमा निर्माण भएको चलचित्रको प्राविधिक कार्य भारतकै मुम्बइमा गरिएको छ।

हिन्दी भाषामा नेपाली चलचित्रले दर्शक पाएमा यहाँ निर्माणका लागि बजेट भित्रिने वितरक करण श्रेष्ठको भनाइ छ।

# चलचित्र लेखनसँगै निर्देशनमा रङ्ग पत्रकार

**रासस**
**काठमाडौँ।**
पत्रकारिता हुँदै चलचित्र निर्माण, निर्देशन तथा लेखनमा केही वर्षयता नयाँ पुस्ताका रङ्ग पत्रकारको उपस्थिति बढ्दो छ। पछिल्लो समयमा पत्रकारितासँगै गीत लेख्ने पनि उत्तिकै छन्। चलचित्रको समाचारलाई पाठकमाझ प्रस्तुत गरिरहेका ती अहिले आफैँ समाचार बनिरहेका छन्। नियमित बनिरहेको चलचित्रको तुलनामा उनीहरु फरक देखिएका छन्।

समीक्षक हुँदै निर्देशक बनेका पत्रकार दीपेन्द्र लामा आफ्नो पाँचौँ चलचित्र 'नाङ्गो गाउँ' को नेपालसँगै विश्वभर प्रदर्शनको तयारीमा छन्। कलाकार दयाहाङ राई, मिरुना मगर, कार्म, साम्राज्ञी राज्यलक्ष्मी शाह, बुद्धि तामाङलगायतको अभिनय रहेको चलचित्र राजनीतिक-सामाजिक विधामा निर्माण भएको छ। 'एउटै मितिमा नेपालसँगै विश्वभर चलचित्र प्रदर्शन गर्ने तयारी भइरहेको छ, यो चलचित्रसम्म आइपुग्दा झनै परिपक्क भएको महसुस भएको छ,' निर्देशक लामाले भने। उनी पत्रकारिता छाडेर अहिले लेखन तथा निर्देशनमै व्यस्त छन्।

पत्रकार हुँदै चलचित्र लेखक बनेका सुशील पौडेलको लेखन रहेको 'प्रसाद-२' गत वैशाखमा प्रदर्शन भयो। 'प्रसादपश्चात् यसको दोस्रो शृ्र ला लेखेको हुँ, समय मिल्दा र कार्यशैली मिल्ने समूह हुँदा काम गरिरहेको छु,' लेखक पौडेलले भने। उनी पत्रकारितामा समेत सक्रिय छन्।

लेखक पौडेलझैँ पत्रकारितासँगै लेखनमा सक्रिय सामीप्यराज तिमल्सेनाले बेलाबखतमा निर्देशनको प्रस्ताव आउने गरेको बताए। 'अफर त आइरहेको हुन्छ, तर म पत्रकारितासँगै लेखनमै सक्रिय छु,' लेखक तिमल्सेनाले भने, 'अहिले चलचित्रमा देखिएको परिवर्तनको निष्कर्ष बुझ्नु जरुरी छ।'











अर्का पत्रकार डब्बु क्षेत्री म्युजिक भिडियो निर्देशन र गीत रचनामा व्यस्त छन्। अहिले चलचित्र निर्देशन गर्ने उनको तयारी छैन। 'फिटकिरी' बाट लेखन सुरू गरेका पत्रकार यज्ञश चलचित्रको कथा लेखिरहेका छन्। यस्तै अधकट्टी र सुश्री सम्पत्ति निर्देशन गरिसकेका पत्रकार सुव्रत आचार्य 'टिभी सो'को तयारी गरिरहेका छन्। चलचित्र निर्देशन केही समय थाती राख्दै उनको सक्रियता म्युजिक भिडियो निर्देशनमा बढेको छ। 'एउटा साथी' निर्देशन गरेर निर्माणमा समेत सक्रिय लक्ष्मण सुवेदीले 'सतीदेवी' को छायाङ्कन सम्पन्न गरेका छन्।

अभिनेत्री मलिका महतले शीर्ष भूमिका निर्वाह गरेको चलचित्रमा रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी सिर्जना अधिकारी, सुजिता शिवाकोटी लगायतको अभिनय छ।



पत्रकार फूलमान बलले निर्देशन गरेको चलचित्र 'नीरफूल' जेठ २६ गते प्रदर्शन हुँदैछ। 'भत्किएका मन र सम्बन्धको पुनःनिर्माणको कथा समेटिएको चलचित्रमा भूकम्पका कारण बिछोडिएका एक परिवारका सदस्य पुर्नमिलनका लागि गरेको प्रयत्नमा आधारित छ,' निर्देशक बलले भने। चलचित्रमा दयाहाङ राई, रेखा थापा, शान्ति वाइबा, बुद्धि तामाङ, पुष्कर गुरुङ, जिम्मे छ्योइकी घिसिङ, राजन खतिवडा, सरोज अर्याल, सरिता गिरीलगायतको अभिनय रहेको छ।

# तीन स्थानीय तह करमा एकरुपता ल्याउन सहमत



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले बजेट भाषणमार्फत वीरगंज-पथलैया औद्योगिक करिडोर घोषणा गर्ने निर्णय गरेसँगै करिडोर क्षेत्रसँग जोडिएका वीरगंज महानगरपालिकासहित जीतपुर सिमरा उपमहानगरपालिका र परवानीपुर गाउँपालिकाले अगामी आर्थिक वर्ष २०८०/८१ देखि करको दरमा एकरुपता ल्याउने गृहकार्य सुरु गरेका छन् । वीरगंज महानगरपालिकाको पहलमा औद्योगिक करिडोर क्षेत्रमा पर्ने वीरगंज महानगरपालिकासँगै पर्साको परवानीपुर गाउँपालिका र बाराको जीतपुर सिमरा उपमहानगरपालिकाले अगामी आव २०८०/८१ देखि करको दरमा एकरुपता ल्याउने सहमति गरेका छन् । वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको पहलमा तीन स्थानीय तहका प्रमुखबीच भएको बैठकले करको दर र आयका शीर्षकमा एकरुपता ल्याउने निर्णय गर्दै त्यसका लागि कार्यदल बनाइएको छ । वीरगंज महानगरका प्रमुख सिंहले औद्योगिक करिडोरमा पर्ने तीनैवटा सरकारले यहाँका उद्योगी-व्यवसायी तथा स्थानीयको सहजताका लागि करको दरमा एकरुपता ल्याउन खोजिएको बताए । संयुक्त बैठकले आयका शीर्षक र करको दरमा एकरुपता ल्याउन वीरगंज महानगरपालिकाका राजस्व शाखा प्रमुख मनोज कर्णको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरेको छ । समितिमा जीतपुर सिमरा उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख रामप्रसाद शर्मा र परवानीपुर गाउँपालिकाका राजस्व शाखा प्रमुख कृष्णप्रसाद यादव सदस्य छन् । कार्यदलले यस क्षेत्रमा कुन विषयमा कति कर लगाउन मनासिव देखिन्छ भन्नेबारे अध्ययन गरेर तीन दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी पाएको छ । कार्यदलले अध्ययन गरेर प्रतिवेदन दिएपछि पुनः बैठक बसेर त्यसबारे निर्णय लिइने वीरगंज महानगरपालिकाका नगर प्रमुख सिंहले बताए ।
सिंहको अध्यक्षतामा वीरगंजमा सम्पन्न बैठकमा जीतपुर सिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेल, उपप्रमुख भोला अधिकारी, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, परवानीपुर गाउँपालिकाका प्रमुख राम क्षेत्री कुर्मी, वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेललगायतको सहभागिता थियो ।

# सांसद् यादवद्वारा वडा कार्यालय भवन शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज।**
जनता समाजवादी पार्टी नेपाल ( जसपा) का प्रमुख सचेतक प्रदीप यादवले वीरगंज महानगरपालिका वडा नम्बर २१ मा निर्माण हुने वडा कार्यालय भवन शिलान्यास गरेका छन्। उनले हिन्दू धर्म संस्कृतिअनुसार पूजापाठ गर्दै वडा कार्यालय भवन शिलान्यास गरेका हुन्।
पर्सा निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य यादवले भवन निर्माणसँगै वडा कार्यालयबाट हुने सेवा प्रवाहमा सहजता आउने विश्वास व्यक्त गरे । उनले आफ्नै भवन भएपछि पुरानो पूर्वाधारसहितको साँघुरो भवनबाट सञ्चालित वडा कार्यालयबाट सेवाग्राहीले भोगिरहेको सास्ती अन्त्य हुने विश्वास गरे।
पूर्व वन तथा वातावरणमन्त्रीसमेत रहेका यादवले फरक प्रसंगमा भने, 'सङ्घ सरकारले वीरगंज महानगरलाई हेपेको छ ।' उनले भने, 'मधेश प्रदेशको एक मात्र महानगर वीरगंज हो । तर सङ्घ सरकारले वीरगंजका लागि पठाएको बजेट पर्याप्त छैन । बढी राजश्व उठ्ने र पूर्वाधार निर्माणको आवश्यकता रहेको वीरगंजलाई ठूलो अनुदान दिनुपर्नेमा काठमाडौँलाई धेरै अनुदान दिने सरकारको नीति नै गलत छ।'
शिलान्यास कार्यक्रममा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले छिट्टै महानगरका प्रत्येक वडाले आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्ने बताए । बाँकी रहेका वडामा पनि पर्याप्त सुविधासहितको वडा कार्यालय भवन बनाउन बजेट व्यवस्थापनमा आफूहरु लागेको उनले बताए।
कार्यक्रममा वडावडा अध्यक्ष राधाकृष्ण साह रौनियार, निवर्तमान वडाअध्यक्ष हबिब मियाँलगायत स्थानीय बुद्धिजीवी, अग्रज, समाजसेवी र विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति थियो। महानगरको नगरस्तरीय १ करोड ७ लाख रुपैयाँ बजेटमा भवन बन्न लागेको हो।

# अनलाइन ठगी गर्ने प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
सामाजिक सञ्जाल फेसबुकमार्फत् ठगी गर्ने कार्यमा संलग्न अभियोगमा सप्तरी बोदेबर्साइन नगरपालिका-१४ घर भई काठमाडौँ महानगरपालिका-२२ सुन्धारा बस्ने २३ वर्षीय धर्मेन्द्र कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ ।
सामाजिक सञ्जाल फेसबुकमार्फत् सम्पर्कमा आएकी युवती साथीको अनुमतिविना पीडितकै मोबाइल लिएर मोबाइल बैंकिङ तथा खातामा पहुँच पुऱ्याइ विभिन्न इसेवा तथा खल्ती वालेटमा रकम ट्रान्सफर गरी अनलाइनमार्फत् ठगी गर्ने कार्यमा संलग्न रहेको खुल्न आएपछि उनलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई ठगीसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान एवम् कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौँमा पठाइएको छ ।

# अनियमित विद्युत् आपूर्तिले सर्वसाधारणमा समस्या



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रचण्ड गर्मीले आहत भएका वीरगंजबासीलाई विद्युत् प्राधिकरणले राहत दिनु पर्नेमा उल्टै दिनमा दर्जनौँपटक बिजुली जाने समस्या थपिएको छ । मौसममा आएको परिवर्तनसँगै एकसाता यता बढेको प्रचण्ड गर्मीले घरबाहिर निस्किन नसकेका नगरबासी पाँच-पाँच मिनेटमा बत्ती जाँदा घर भित्र पनि राम्ररी बस्न सकेका छैनन् । वीरगंज र आसपासका क्षेत्रमा बिजुली आउने र जाने नियति नै बनेको छ । वीरगंजमा दिउँसो मात्रै झ्याप्पझ्याप्प गरेर दैनिक दुईदेखि तीन घण्टासम्म बिजुली जाने गरेको छ ।
राति त एकपटक गएपछि घण्टौँसम्म नआउने गरेको सर्वसाधारणले बताए । अघोषित लोडसेडिङले घरेलु उपभोक्ता मात्रै हैरान छैनन्, व्यवसायी पनि मार्कामा परेका छन् । यता, नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख प्रकाशकुमार बस्नेतले प्रणालीमै समस्या भएका कारण पटकपटक बत्ती जाने गरेको बताए । अनियमित बत्ती जाँदा समस्या भइरहेको स्वीकार्दै उनले ग्रिडमै समस्या भएको दाबी गरे । हाल वीरगंजको प्रतिमा चोकमा निर्माण भइरहेको १३२ केभीएको ग्रिड बनेपछि समस्या अन्त्य हुने उनले बताए ।

# भन्सार एजेन्ट आन्दोलित



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले जेठ १५ गते जारी गरेको आर्थिक विधेयकमा निकासी वा पैठारीमा हुने मालबस्तु भन्सार छुटाउन वा भन्सार कार्यालयसम्बन्धी कामको लागि भन्सार एजेन्ट नै स्वयम् उपस्थित हुनु पर्ने व्यवस्था लागु गर्ने घोषणा गरेसँगै भन्सार एजेन्ट आन्दोलनमा उत्रिएका छन् । वीरगंज भन्सार आइसिपी, सिर्सिया सुख्खा बन्दरगाह भन्सारमा शुक्रबार सरकारको नीतिविरुद्ध भन्सार एजेन्ट पेनडाउन गरी आन्दोलनमा उत्रिएसँगै वीरगंजका दुई भन्सार नाकाबाट हुने निकासी पैठारी ठप्प भएको छ । भन्सार एजेन्टले कुनै काम नगरेपछि निकासी पैठारीको काम रोकिएको वीरगंज भंसारले जनाएको छ ।
सरकारले जेठ १५ गते जारी गरेको आर्थिक विधेयकमा निकासी वा पैठारीमा हुने मालबस्तु भन्सार छुटाउन वा भन्सार कार्यालयसम्बन्धी कामका लागि भन्सार एजेन्ट नै स्वयम् उपस्थित हुनु पर्ने व्यवस्था गरेपछि भन्सारमा काम गर्ने एजेन्ट र उनका प्रतिनिधिले काम ठप्प पारेर आन्दोलनमा उत्रिएको भन्सार एजेन्ट संघका पूर्व सचिव भानु अधिकारीले जानकारी दिए ।
जेठ १५ गते सरकारले जारी गरेको बजेटमा भन्सार ऐन २०६४ तथा नियमावली २०६४ (चौथौ) संशोधनमा भन्सार प्रतिनिधि (एजेन्ट) स्वयम उपस्थित हुनुपर्ने व्यवस्था गरेको हुँदा सोहीअनुसार गर्न वीरगंज भन्सार कार्यालयले सूचना जारी गरेको छ । सूचना सार्वजनिक भएलगत्तै वीरगंज भंसारमा काम गर्ने एजेन्ट र प्रतिनिधि कलम बन्द गरेर आन्दोलनमा उत्रिएका छन् । यसअघि भन्सार ऐन २०६४ र नियमावालीमा एउटा भन्सार एजेन्टले दुई जना प्रतिनिधि नियुक्त गरेर भन्सारसम्वन्धी निकासी पैठारीको काम गर्नसक्ने प्रावधान रहेको अधिकारीले बताए ।

# पत्रकारहरुको दक्षता अभिवृद्धिका लागि प्रशिक्षण सुरु




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले जनकपुरधाममा मिडियाको अभाव नभएपनि दक्ष समाचार लेखन मिडियाकर्मीको कमी रहेको बताएका छन् ।
शुक्रबार पत्रकारहरुको दक्षता अभिवृद्धिका लागि आयोजित पाँच दिवसीय प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उपमेयर साहले लेखनशैली, खोजमुलक समाचारको अभ्यासले नै दक्ष पत्रकारको परिचय भएको बताए ।
उनले जनकपुरधाममा धेरै मिडिया छन्, ती मिडियामा आउने समाचार पनि राम्रै हुन्छ । तर पत्रकारहरु दक्ष भएपनि लेखाईको दक्षतामा समय सन्दर्भले कतै न कतै कमी देखिएको हुँदा पत्रकारहरुको दक्षता अभिवृद्धिका लागि आयोजना गरिएको यो प्रशिक्षण कार्यक्रम सराहनीय रहेको बताए ।
जेठ २३ गतेसम्म संचालन हुने सो प्रशिक्षणमा स्थानीय संचार माध्यममा रहेका २० जना पत्रकार सहभागी रहेका छन् ।
यस प्रशिक्षणमा आधारभूत पत्रकारिताको जानकारीसँगै समाचार संकलन, समाचार लेखनमा दक्षता, समाचारको शुद्धता, शब्द चयन, फिचर लेखन, अन्तरवार्ता, समाचार वाचन, रेडियो कार्यक्रमको स्क्रिप्ट लेख्नलगायतका विषयमा प्रशिक्षण दिइने जनाइएको प्रकाशक महासंघले जनाएको छ ।
शुक्रवारदेखि शुरु भएको यस प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रमा पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि समय समयमा दक्षता अभिवृद्धिका लागि प्रशिक्षण कार्यक्रम संचालन गर्नु पत्रकारहरुका लागि लेखाईमा गुणस्तरीयता ल्याउने कुरामा सहभागी वक्ताहरुले जोड दिएका थिए ।
प्रकाशक महासंघका अध्यक्ष शंकर साहको अध्यक्षतामा सम्पन्न भएको उद्घाटनसत्र कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण, वरिष्ठ पत्रकार बिएम खनाल, रामभरत साह, छापा प्रकाशन महासंघ धनुषाका अध्यक्ष अर्जुनबहादुर क्षेत्री, जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ का वडाध्यक्ष राघवेन्द्र साह र मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलास दासलगायतका वक्ताहरुले पनि पत्रकारहरुको दक्षता अभिवृद्धि बारे बोलेका थिए ।




# सहायक सिडिओसहित ८ जनाविरुद्ध सर्वोच्चमा मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दामा पर्साका तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी (सहायक सिडिओ) दुर्गादत्त पौडेल, महानगरपालिकाका २ वडा अध्यक्षसहित ८ जनाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।
आयोगले गैरनेपालीलाई वंशजका आधारमा नागरिकताको प्रमाणपत्र दिएको आरोपमा विशेष अदालतबाट सफाई पाएका तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी पौडेलसहित ८ जनाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको हो । किर्ते गरेर भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालत काठमाडौँले गरेको फैसला चित्त नबुझी सर्वोच्चमा पुनरावेदन गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए ।
वीरगंज महानगरपालिका वडा नम्बर २ का अजहर हुसेन र आरिफ हुसेनलाई गैरकानुनी रुपमा नेपाली नागरिकताको प्रमाणपत्र दिएको आरोपमा पौडेलसहित वीरगंज महानगरपालिका वडा नम्बर. २ का तत्कालीन वडाध्यक्ष शेष अब्बास, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन नायव सुब्बा चन्द्रदेव ठाकुर र तत्कालीन प्रशासकीय अधिकृत सदनकुमार कर्णविरुद्ध मुद्दा दायर गरिएकोमा मुद्दामा विशेष अदालतले प्रतिवादीलाई सफाइ दिएपछि फैसलामा चित नबुझी सर्वोच्चमा पुनरावेदन गरिएको प्रवक्ता दहालले बताए ।

> *अख्तियारले वीरगंज महानगरपालिका वडा नम्बर १५ का वडाध्यक्ष गजेन्द्र कुर्मीसहित तत्कालीन जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी पौडेलसहित नासु ठाकुरले वडाबाट झुट्टा विवरण पेश गरी नागरिकता लिने ममता कुमारीविरुद्ध पनि सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।*

त्यसैगरी, अख्तियारले वीरगंज महानगरपालिका वडा नम्बर १५ का वडाध्यक्ष गजेन्द्र कुर्मीसहित तत्कालीन जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी पौडेलसहित नासु ठाकुरले वडाबाट झुट्टा विवरण पेश गरी नागरिकता लिने ममता कुमारीविरुद्ध पनि सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।
जिल्ला प्रशासन कार्यालय पर्साबाट गलत कागजातको आधारमा गैरनेपालीलाई वंशजको नागरिकता प्रमाणपत्र दिएको भन्ने उजुरीको आधारमा अनुसन्धान हुँदा उनीहरु चारैजना मिलेर ममताकुमारी गुप्ताको नामको नेपाली नागरिकताको पतिको नामको खण्डमा जयप्रकाश प्रसाद गुप्ता लेखी सच्चाएको, स्थानीय पञ्जिकाधिकारीबाट जारी हुने सरकारी कागजातमा समेत नामलगायतका विवरण सच्याई झुट्टा विवरणको आधारमा आशिषकुमार गुप्ताको नाममा वंशजको आधारमा नेपाली नागरिकता बनाउने कार्यमा संलग्न रहेको आरोपमा मुद्दा दायर गराइएको प्रवक्ता दाहालद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा उल्लेख छ ।
प्रतिवादीहरु शेष अब्बास, चन्द्रदेव ठाकुर, सवरुन खातुन, आरिफ हुसेन, सदनकुमार कर्ण र दुर्गादत्त पौडेलसमेतले मिलोमतो र योजनाबमोजिम आरिफ हुसेन र अजहर हुसेनको अनुसूची १ फाराममा निवेदकले जन्मस्थान वसतपुर-८ उल्लेख गरेको तर नागरिकता जारी हुँदा वीरगंज महानगरपालिका वडा नम्बर २ उल्लेख भएको तथा बाबु मोतिउर रहमानको नागरिकता प्रमाणपत्र नम्बर उल्लेख नगरी अनुसूची १ फाराममा केरमेट गरी झुट्टा विवरण कायम गरी नागरिकता जारी गरिएको आयोगको दाबी छ ।
आयोगले सबै प्रतिवादीको भ्रष्टाचारजन्य कसूरमा पूर्ण संलग्नता रहेको पुष्टि भएकाले मिसिल संलग्न स्वतन्त्र प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा गह्रण गरी फैसला गर्नु पर्नेमा सो विपरित प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाइ दिने मनसायले मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कनविना भएको फैसला भई त्रुटीपूर्ण भई बदरभागी रहेको दाबीसहित सर्वोच्चमा मुद्दा दायर गरिएको दाहालले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन